# यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव






**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

२०७२ पुस

# प्राक्कथन

१. औषधिजन्य गुण रहेको यार्सागुम्बा एक बहुमूल्य जडिबुटी हो । यार्सागुम्बा वजारमा यसको आपूर्तिको दृष्टिकोणले चीनपछि नेपाल दोस्रो ठूलो राष्ट्र हो । यार्सागुम्बाको प्रमुख बजार चीन हो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वजारमा यसको उच्च मूल्य तथा अधिक मागका कारण विगत केही वर्षयता नेपालमा पनि यसको संकलन एवम् विक्रीवितरण कार्यमा हिमाली जिल्लाका वासिन्दाहरु निकै आकर्षित हुने गरेका छन् । परिणामस्वरुप, यार्सागुम्बाको संकलनका लागि अधिक सम्भावना रहेका हिमाली तथा उच्च पहाडी जिल्लाका वासिन्दाको सामाजिक-आर्थिक क्रियाकलाप अभिवृद्धिसँगै राष्ट्रिय अर्थतन्त्रलाई नै चलायमान हुन सहयोग पुगेको छ । आ.व. २०७०/७१ मा नेपालका एघार जिल्लाहरुमा रु. ४ अर्ब ९२ करोडको यार्सागुम्बा संकलन गरिएको अनुमान छ जुन पूर्वी नेपालमा उत्पादन हुने अलैंचीको सोही वर्षमा भएको रु. ४ अर्ब २६ करोड बराबरको निर्यातको तुलनामा समेत बढी देखिन्छ ।

२. यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभावको यथार्थ जानकारीका लागि यस बैंकले यार्सागुम्बाको अधिक संकलन हुन पाँच हिमाली जिल्लाहरु दार्चुला, डोल्पा, जुम्ला, वझाङ्ग र मनाङ्गमा स्थलगत सर्वेक्षण र अन्तरक्रियाका माध्यमबाट अध्ययन सम्पन्न गरेको छ । यार्सागुम्बाको संकलन तथा विक्रीवितरणको अवस्था, यार्सागुम्बाले घरपरिवारको जीवनस्तरमा पारेको प्रभाव तथा यार्सागुम्बाको दिगो उत्पादन तथा व्यवस्थापनका लागि चाल्नु पर्ने कदमहरु सुझाउनु अध्ययनको उद्देश्य रहेको छ ।

३. अध्ययनको नतिजाले हिमाली तथा उच्च पहाडी भेगका गरीब तथा पिछडिएका जनताको आयआर्जन वृद्धि तथा रोजगारीका अवसरहरु सिर्जना गर्न यार्सागुम्बाको संकलन एवम् विक्रीवितरणले योगदान पुऱ्याएको देखाउँछ । साथै पर्यटन, होटल, बैकिङ/वित्तीय सेवा जस्ता आर्थिक क्रियाकलापमा समेत् यसले गतिशिलता प्रदान गर्नुका साथै नेपालका हिमाली क्षेत्रका आर्थिक गतिविधिको मौद्रिकीकरण गर्न सकारात्मक भूमिका खेलेको देखिन्छ ।

४. विगत केही वर्षदेखि यार्सागुम्बामा देखिएको अव्यवस्थित संकलन तथा विक्रीवितरणका कारण बालबालिकाको शिक्षा, संकलकको स्वास्थ्य, अनौपचारिक कारोवार, पर्यावरणमा समस्या, शान्तिसुरक्षामा समस्या एवं सामाजिक विकृति जस्ता चुनौतीहरु सृजना भएका छन् । फलस्वरुप, यार्सागुम्बाको संरक्षण एवम् प्रवर्द्धन गरी यसलाई स्थानीयवासीको आय आर्जनको दिगो स्रोतको रुपमा विकास गर्न संकलन समय तथा संकलक सीमा निर्धारण गर्नुपर्ने र बालबालिकाको प्रयोगलाई निरुत्साहित तथा संकलक अभिमुखिकरण तालिम प्रदान गर्नुपर्ने, संकलकलाई लघुवित्त संस्थामार्फत् ऋण उपलव्ध गराउनु पर्ने र संकलन अनुमतिपत्र वितरण तथा शुल्क असुली प्रणालीलाई सरलीकरण गर्नुपर्ने देखिन्छ ।

५. यार्सागुम्बा व्यापारीलाई व्यापारिक कारोवारका लागि फर्म दर्ता गर्नुपर्ने व्यवस्था गरी कारोवारलाई व्यवस्थित गर्न सकिन्छ । त्यस्तै, यार्सागुम्बा संकलन क्षेत्रको पर्यावरणमा सुधार,

बजार व्यवस्थापन सूचना प्रणालीको विकास, यार्सागुम्बाको निरन्तर अध्ययन/अनुसन्धान र यस सम्बन्धी राष्ट्रिय नीतिगत मार्गदर्शनको व्यवस्था गरी यार्सागुम्बाको दिगो उत्पादन तथा विक्रीवितरणलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

६. अन्त्यमा, यस अध्ययन सम्पन्न गरी अध्ययन प्रतिवेदनलाई सार्वजनिक गर्ने अवस्थामा आइपुग्दासम्म आफ्ना महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने श्रीमान् गभर्नरज्यू, श्रीमान् डेपुटी गभर्नरज्यूहरु, कार्यकारी निर्देशक डा. मीन बहादुर श्रेष्ठज्यूमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । यसैगरी यस अध्ययनलाई पूर्णता दिने क्रममा प्रारम्भदेखि नै योगदान पुऱ्याउनु हुने निर्देशकहरु डा. गोपालप्रसाद भट्ट, श्री रमेशकुमार पोखरेल, श्री निलम तिम्सिना र डा. प्रकाशकुमार श्रेष्ठ, उप-निर्देशकहरु श्री गोविन्द नागिला, श्री विज्ञानराज सुवेदी, श्री वुद्धराज शर्मा, श्री दुर्गेश गोपाल श्रेष्ठ, श्री सुमन न्यौपाने र सहायक निर्देशकहरु डा. महेश चौलागाई, श्री गुणराज भट्ट, श्री शालिकराम पोखरेल, श्री संजय मिश्र, श्री सजना सिल्पकार र डा. टापप्रसाद कोइरालालाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । साथै, यस अध्ययनलाई पूर्णता दिनका लागि गरिएको स्थलगत सर्वेक्षणमा सहयोग पुऱ्याउनु हुने अनुसन्धान विभाग एवं उपत्यका वाहिरका कार्यालयहरुका सम्पूर्ण साथीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

नरबहादुर थापा
कार्यकारी निर्देशक
अनुसन्धान विभाग

# विषय सूची


**परिच्छेद १: परिचय** **१**

पृष्ठभूमि १

अध्ययनको उद्देश्य १

अध्ययन विधि २

अध्ययनको सीमा ४

अध्ययनको औचित्य ४

**परिच्छेद २: यार्सागुम्बाको उत्पादन, संकलन एवम् विक्रीवितरण** **५**

परिचय ५

नेपालमा यार्सागुम्बा उत्पादन एवम् संकलन ५

यार्सागुम्बा संकलन र विक्रीवितरण सम्बन्धी नीतिगत व्यवस्था ७

यार्सागुम्बा संकलन सम्बन्धी स्थानीय तहका नीतिगत व्यवस्था ८

यार्सागुम्बाको बजार ८

यार्सागुम्बाले पारेको आर्थिक एवम् सामाजिक प्रभाव ९

यार्सागुम्बाको दिगो उपयोगमा देखिएका चुनौती १२

**परिच्छेद ३: स्थलगत सर्वेक्षणको नतिजा** **१३**

यार्सागुम्बाको संकलन स्थान र परिमाण १३

यार्सागुम्बा संकलन कार्य १४

संकलनमा जानेको संख्या १४

संकलनको व्यक्तिगत विवरण १५

संकलन गर्न जाने प्रवृति १५

संकलन अवधि १६

संकलन खर्च १६

संकलन परिमाण र आय १७

आम्दानीको प्रयोग १८

यार्सागुम्बा विक्री वितरण १८

मूल्य निर्धारण प्रक्रिया र मूल्य प्रवृत्ति १८

पूँजीको स्रोत १९

ढुवानी १९

विक्री तथा आम्दानी २०

माग तथा आपूर्तिको अवस्था २१

यार्सागुम्बाले पारेको आर्थिक प्रभाव २१

आय आर्जन २१

रोजगारी २२

पूर्वाधार २२

आर्थिक क्रियाकलाप २३

यार्सागुम्बाको दिगो व्यवस्थापनमा देखिएका चुनौती २४

सामाजिक व्यवहार २४

शिक्षामा प्रभाव २५

स्वास्थ्य स्थितिमा प्रभाव २५
पर्यावरणीय समस्या २५
शान्ति सुरक्षामा चुनौती २५
अनौपचारिक कारोवार २६

**परिच्छेद ४: निष्कर्ष तथा सुझाव** **२७**
निष्कर्ष २७
सुझावहरु २७
**सन्दर्भ सूची** **३०**
**अनुसूचीहरु** **३२**

# परिच्छेद १: परिचय

## पृष्ठभूमि

१. "यार्सागुम्बा"(Ophiocordyceps Sinensis) एक बहुमूल्य जडिबुटी हो । यसमा औषधिजन्य गुण अन्तरनिहित हुने हुँदा यसको प्रयोग शक्तिबर्द्धक, रक्तअल्पता, छाती तथा फोक्सोको संक्रमण, क्षयरोग, हेपाटाईटिस वि., मृगौला, कलेजोसम्बन्धी रोगका औषधि वनाउन प्रयोग हुने गर्दछ । समुद्र सतहबाट करीव ३५०० मिटरदेखि ५५०० मिटरसम्मको उचाईमा यसको उत्पादन हुने गरेको छ । यार्सागुम्बाको प्रमुख बजार चीन हो भने सिंगापुर, मलेसिया, कोरिया, थाईल्याण्ड, जापान, बेलायत र अमेरिकामा पनि यसको कारोवार हुने गरेको छ ।

२. यार्सागुम्बा वजारमा यसको आपूर्तिको दृष्टिकोणले नेपाल दोस्रो ठूलो राष्ट्र हो । नेपालमा वार्षिक करिब ३००० के.जी. यार्सागुम्बा संकलन हुने गर्दछ । विश्व वजारमा वार्षिक ८३ देखि १८३ मे.टन यार्सागुम्बा आपूर्ति हुने गरेकोमा चीनबाट मात्रै करीव ९५ प्रतिशतभन्दा बढी आपूर्ति हुने गरेको छ । त्यस्तै, भारत ( १.७ देखि २.८ मे.टन.) तथा भुटान (०.५ देखि १.५ मे.टन) मा पनि यसको उल्लेख्य संकलन हुने गरेको पाइन्छ (व्हिन्केलर, २००९) । यार्सागुम्बा नेपालका उच्च पहाडी र हिमाली क्षेत्रका हिउँ पर्ने चौरीखर्क तथा घासे मैदानमा पाईने भएकोले यसको व्यावसायिक खेती नगरी प्राकृतिक रुपमा संकलन गरिन्छ । नेपालमा २५ जिल्लामा यार्सागुम्बाको संकलन भएतापनि यसको व्यवसायिक संकलन १२ जिल्लाबाट[१] हुने गरेको छ ( क्षत्री, २०७१) । विश्वमा उपलव्ध यार्सागुम्बाका करीब ५०० प्रजातिमध्ये नेपालमा हालसम्म ११ प्रजातिको पहिचान भएको छ ।

३. विगतका वर्षहरुमा यार्सागुम्बाको संकलनमा आएको कमीसँगै अन्तर्राष्ट्रिय बजारमा यसको मूल्य तथा मागमा वृद्धि हुँदै गइरहेको छ । नेपालमा पनि यसको संकलन एवम् खरीद/विक्री कार्यमा हिमाली जिल्लाका वासिन्दाहरु निकै आकर्षित हुने गरेको पाइन्छ । प्रत्येक वर्ष बैशाखदेखि असारसम्म विभिन्न उमेरका हजारौंको संख्यामा मानिसहरु यार्सागुम्बा संकलन गर्न उच्च पहाडी भेगमा जाने प्रवृति बढिरहेको पाइन्छ । परिणामस्वरुप, यार्सागुम्बाको संकलन तथा विक्रीवितरणका लागि अधिक सम्भावना रहेका हिमाली क्षेत्रका वासिन्दाको सामाजिक-आर्थिक क्रियाकलापसँगै राष्ट्रिय अर्थतन्त्रलाई नै चलायमान बनाउन सहयोग पुगेको छ । यार्सागुम्बाले त्यस भेगका वासिन्दाहरुको आम्दानी लगायत पर्यटन, होटल, बैंक तथा वित्तीय संस्थाको विस्तार गरी मौद्रिकीकरणमा समेत योगदान पुग्ने देखिन्छ ।

४. उपरोक्त पृष्ठभूमिमा हिमाली जिल्लाको आर्थिक तथा सामाजिक क्रियाकलापलाई गतिशिल बनाउन मद्दत गर्ने यार्सागुम्बाको संकलन, विक्रीवितरण तथा निर्यातको वास्तविक अवस्थाका बारेमा अनुसन्धानमुलक कार्यको आवश्यकता महसुस हुनुका साथै हिमाली जिल्लाका वासिन्दाहरुको सामाजिक-आर्थिक अवस्थामा यार्सागुम्बाको संकलन तथा विक्री वितरणले पारेको परिवर्तन एवम् राष्ट्रिय अर्थतन्त्रमा यसले पुऱ्याएको योगदानको यथार्थ जानकारीका लागि अध्ययनको अपरिहार्यतालाई दृष्टिगत गरी यो अध्ययन सम्पन्न गरिएको हो ।

## अध्ययनको उद्देश्य

५. नेपालमा यार्सागुम्बाको उत्पादन, संकलन र विक्री वितरण सम्बन्धी वर्तमान अवस्थाको पहिचान गर्दै त्यसबाट अर्थतन्त्रमा पुगेको योगदान आंकलन गर्नु अध्ययनको समग्र उद्देश्य रहेको छ । अध्ययनका सहायक उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

---

[१] दार्चुला, डोल्पा, जुम्ला, मुगु, बझाङ्ग, रुकुम, म्याग्दी, मनाङ्ग, गोरखा, रसुवा, सिन्धुपाल्चोक, र संखुवासभा ।

(क) नेपालमा यार्सागुम्बाको उत्पादन, संकलन, विक्री वितरण तथा निर्यातको प्रकृति तथा प्रवृत्तिको आंकलन गर्ने,

(ख) यार्सागुम्बाको संकलन एवम् विक्री वितरण कार्यले त्यसमा संलग्न घरपरिवारको जीवनस्तर (शिक्षा, स्वास्थ्य, आय आर्जन, रोजगारी, शान्ति सुरक्षा) मा पारेको प्रभाव अध्ययन गर्ने, र

(ग) यार्सागुम्बाको दिगो उत्पादन, संकलन र विक्री वितरणलाई व्यवस्थित गर्न आवश्यक सुझाव पेश गर्ने ।

**अध्ययन विधि**

६. यस अध्ययनमा यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभावका वारेमा तथ्यगत विश्लेषणका अतिरिक्त विषयगत विश्लेषणलाई समेत समेटिएको छ । नेपालमा विगत केही वर्षदेखि मात्र यार्सागुम्बाको व्यवसायिक संकलन तथा विक्री वितरण कार्य हुने गरेकोले अर्थमितिय (Econometric) विश्लेषण गरिएको छैन । तथ्यांककीय लगायत सरोकारवालाहरुको राय (Opinion) लाई पनि अध्ययनको आधार बनाइएको छ । त्यस्तै यो अध्ययनले विषयगत विश्लेषणहरुलाई समेत समेटेको हुँदा यो अन्वेषणात्मक (Exploratory) प्रकृतिको रहेको छ ।

***तथ्याङ्क एवम् सूचना संकलन***

७. यस अध्ययनमा प्राथमिक (Primary) र द्वितीय (Secondary) दुवै स्रोतबाट तथ्याङ्क, सूचना तथा जानकारी संकलन गरिएको छ । प्राथमिक स्रोततर्फ यार्सागुम्बा संकलक, यार्सागुम्बा व्यापारी लगायत जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला वन कार्यालय/निकुञ्ज कार्यालय र जिल्ला विकास समितिको कार्यालयका प्रतिनिधिहरुसँग छुट्टाछुट्टै प्रश्नावलीमार्फत् आवश्यक जानकारी प्राप्त गरिएको थियो । द्वितीयक स्रोतबाट तथ्याङ्क संकलन गर्नका लागि वन मन्त्रालय/विभाग/कार्यालय, उद्योग/वाणिज्य मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, आन्तरिक राजस्व कार्यालय, यार्सागुम्बा सम्बन्धी पुस्तक, प्रकाशन एवम् स्वदेशी विदेशी अध्ययनहरु र पत्रपत्रिकामा प्रकाशित समाचारहरुका विवरण संकलन गरी विश्लेषण गरिएको छ ।

८. प्रश्नावलीमार्फत् विशेष गरी विगत तीन वर्षमा यार्सागुम्बा संकलन/खरीद विक्री परिमाण, विक्रीबाट प्राप्त आम्दानी, स्थानीय जनताको आर्थिक स्तरमा परेको प्रभाव साथै यसको दिगो व्यवस्थापनमा देखिएका चुनौतीहरु सम्बन्धि जानकारी लिइएको थियो । यार्सागुम्बा सम्बन्धी संकलन गरिएका जानकारीहरु छडकेजाँच (Cross Check) गर्न तथा अन्य थप जानकारी लिन संकलनकर्ता, व्यापारी, यार्सागुम्बा विज्ञ, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति लगायत काठमाडौंस्थित वन विभागका पदाधिकारीहरुसँग अनौपचारिक छलफल समेत गरिएको थियो ।

***नमूनाको आकार तथा छनौट***

९. प्राथमिक तथ्याङ्क संकलनतर्फ हाल नेपालमा यार्सागुम्बाको व्यवसायिक संकलन हुने १२ जिल्लामध्ये सर्वाधिक कारोवार हुने ५ केन्द्रहरु[२] दार्चुला, डोल्पा, जुम्ला, बझाङ्ग, र मनाङ्गमा प्रश्नावली सर्वेक्षण एवम् अन्तरक्रियाका माध्यमबाट सूचना एवम् तथ्यांङ्क संकलन गरिएको छ । यार्सागुम्बा संकलक तथा व्यापारीहरुमध्येबाट Convenience Sampling को आधारमा प्रत्येक केन्द्रबाट १० जना यार्सागुम्बा संकलकहरु र ५ जना यार्सागुम्बा व्यापारीहरु सर्वेक्षणमा समेटिएको थियो । त्यस्तै, जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला वन कार्यालय/निकुञ्ज कार्यालय र जिल्ला विकास समितिको कार्यालयसँग पनि छुट्टाछुट्टै प्रश्नावलीमार्फत् आवश्यक जानकारी प्राप्त गरिएको थियो । सर्वेक्षणमा सबै समूहबाट कुल ९३ प्रश्नावलीमार्फत् उत्तर संकलन गरिएको थियो । वि.सं. २०७१ सालको यार्सागुम्बा संकलन मौसमको

[२] नेपाल सरकार, वन मन्त्रालय, वन विभाग, काठमाडौं को २०७१ सालको तथ्याङ्क अनुसार छनौटमा परेका क्षेत्रबाट ९५ प्रतिशत यार्सागुम्बा संकलन हुने गरेको पाईन्छ ।

समाप्तिसँगै प्रश्नावली सर्वेक्षण गरिएको थियो । अध्ययनमा तोकिएको नमूना तालिका १.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका १.१: तोकिएको नमूना संख्या**

| केन्द्र | यार्सागुम्बा संकलक | यार्सागुम्बा व्यापारी | जिल्ला वन कार्यालय/ निकुञ्ज कार्यालय* | जिल्ला विकास कार्यालय | जिल्ला उद्योग वाणिज्य संघ | कुल |
|---|---|---|---|---|---|---|
| दार्चुला | १० | ५ | २ | १ | १ | १८ |
| डोल्पा | १० | ५ | २ | १ | १ | १९ |
| बझाङ्ग | १० | ५ | १ | १ | १ | १८ |
| जुम्ला | १० | ५ | १ | १ | १ | १८ |
| मनाङ्ग | १० | ५ | २ | १ | १ | १८ |
| कुल | ५० | २५ | ८ | ५ | ५ | ९३ |

** डोल्पा, दार्चुला र मनाङ्ग क्षेत्र अन्तर्गत १/१ जिल्ला वन कार्यालयमा निकुञ्ज तथा संरक्षण क्षेत्रको प्रश्नावली समेत समावेश गरिएको छ ।*

१०. प्रश्नावली सर्वेक्षण एवम् अन्तरक्रियाका लागि प्रत्येक केन्द्रमा नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागबाट जिल्लास्थित कार्यालय समेतको सहयोगमा एक/एक टोली परिचालन गरिएको थियो । छनौट गरिएका ५ वटै केन्द्रका जिल्ला सदरमुकाममा अनुसन्धान विभागका कार्यकारी निर्देशक/निर्देशकको संयोजकत्वमा उद्योग वाणिज्य संघ, बैंक तथा वित्तीय संस्था, स्थानीय प्रशासन एवम् निकायहरु, जिल्ला वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, आदिका प्रतिनिधिहरु लगायत यार्सागुम्बा संकलन, खरीद तथा ओसार-पसार आदिमा संलग्न हुने व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । अन्तरक्रियाबाट यार्सागुम्बाको उत्पादन एवम् संकलन प्रवृत्ति, यसले आयआर्जन तथा रोजगारीमा पारेको प्रभाव र पर्यावरणमा पारेको नकारात्मक प्रभाव र यसको प्रभावकारी र दिगो व्यवस्थापनका लागि चाल्नुपर्ने कदमहरु लगायतका विषयमा जानकारी हासिल गरिएको थियो ।

***नमूना अवधि***

११. प्राथमिक तथ्याङ्क, सूचना तथा जानकारीहरु २०७१ साल भदौ महिनामा सम्पन्न पाँचवटै केन्द्रको स्थलगत सर्वेक्षणमा आधारित रहेका छन् । सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको प्रवृति विश्लेषण गर्न वि.सं. २०६९ देखि २०७१ (३ वर्ष) सम्मका वार्षिक तथ्याङ्कहरु प्रयोग गरिएको छ । द्वितीय स्रोततर्फ वि.सं. २०६९ देखि २०७१ (४ वर्ष) सम्मका वार्षिक तथ्याङ्कलाई आधार बनाई विश्लेषण गरिएको छ । नेपाल राष्ट्र बैंकका जिल्ला स्थित कार्यालयहरुबाट सर्वेक्षणमा समेटिएका जिल्ला सदरमुकामस्थित बैंक तथा वित्तीय संस्थाहरुमा वि.सं. २०७१ का विभिन्न महिनाहरुमा प्रवाहित नोट कोषको तथ्याङ्कको विश्लेषण समेत गरिएको छ ।

***नमुना ढाँचा***

१२. यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी अध्ययनका लागि वन तथा भू-संरक्षण मन्त्रालय, वन विभागबाट प्राप्त तथ्याङ्कको आधारमा सर्वाधिक यार्सागुम्बा उत्पादन हुने जिल्लाहरुको छनौट गरिएको थियो । भौगोलिक विकटताका कारण सर्वेक्षण केन्द्रको Pilot Survey नगरी द्वितीय स्रोतको आधारमा नमुना योजना वनाइएको थियो ।

***विश्लेषणको विधि***

१३. प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई वर्णनात्मक तथ्याङ्क (Descriptive Statistics), प्रवृति, वृद्धिदर, औसत, तालिकीकरण तथा पाई-चार्ट विधिका माध्यमबाट विश्लेषण गरिएको छ । औसत विधि अन्तर्गत केन्द्रगत भारको अभावमा भारित औसतको सट्टा सामान्य औसतलाई अवलम्बन गरिएको छ ।

**अध्ययनको सीमा**

१४. नेपालको हिमाली भेगका करीव २५ जिल्लाहरुमा यार्सागुम्बा उत्पादन हुने भएतापनि यस अध्ययनले यार्सागुम्बाको कारोवार हुने प्रमुख पाँच केन्द्रहरु मात्र समेटेको छ । त्यस्तै यार्सागुम्बा संकलनमा हजारौंको संख्यामा मानिसहरु जाने भएतापनि सर्वेक्षण कार्यको नमूना छनौट गर्दा Convenience Sampling को आधारमा प्रति केन्द्र १० जना संकलक र ५ जना व्यापारी मात्र छानिएको छ । त्यस्तै, हालसम्म यार्सागुम्बाको कारोबारको भरपर्दो तथ्याङ्क प्राप्त हुन कठिन भइरहेको एवम् यसको अवैध व्यापारसमेत उल्लेख्य हुने गरेको भन्ने सुनिन आएकोले द्वितीय स्रोतबाट संकलित तथ्याङ्कको शुद्धतामा आश्वस्त हुन कठिन हुन सक्दछ । साथै, प्रभाव विश्लेषणको लागि विगत धेरै वर्षको तथ्याङ्कको अभावका कारण प्रश्नावलीबाट संकलित सीमित तथ्याङ्क एवम् अन्तरक्रियाबाट प्राप्त जानकारीमा बढी भर पर्नु परेको छ । प्रश्नावली सर्वेक्षण भौगोलिक कठिनाईका कारण यार्सागुम्बा संकलन हुने पाटनहरुमै पुगेर गर्न सकिएको छैन ।

**अध्ययनको औचित्य**

१५. यार्सागुम्बा सम्बन्धी नेपालमा केही स्वतन्त्र अध्ययनहरु भएको देखिएतापनि यसको उत्पादन स्थिति, संकलन एवम् बिक्री वितरणको अवस्था, निर्यात स्थिति, आर्थिक-सामाजिक प्रभाव सम्बन्धी खासै आधिकारिक अध्ययन भएको छैन । फलस्वरुप यसको बढ्दो कारोवारले उच्च पहाडी तथा हिमाली भेगका वासिन्दाहरुको आय, रोजगारी, स्वास्थ्य र शिक्षा लगायत विविध आर्थिक एवम् सामाजिक पक्षहरुको वास्तविक स्थिति आंकलन गर्नु यस अध्ययनको औचित्य रहेको छ । त्यस्तै यार्सागुम्बाको कारोवारबाट सो क्षेत्रमा भई रहेको मौद्रिकीकरण लगायत वित्तीय सेवाहरुको सम्भावना आंकलन गर्न पनि यस अध्ययनको आवश्यकता देखिन्छ । यसबाट यार्सागुम्बाको उत्पादन, संकलन एवम् बिक्री वितरणलाई व्यवस्थित गर्न उपयुक्त नीति नियम बनाउन सम्बन्धित निकायहरुलाई सहज हुनेछ ।

# परिच्छेद २: यार्सागुम्बाको उत्पादन, संकलन एवम् विक्रीवितरण

## परिचय

१६. यार्सागुम्बा एक प्रकारको च्याउ र लार्भा अवस्थाको पुतलीको संयुक्त रुप हो ।[३] यो भ्फुसिलकीरा जस्तै र त्यही आकार र रंगको देखिन्छ । तिब्बती भाषामा यसलाई यार्चाकुन्बु भनिन्छ जसअनुसार 'यार' भनेको वर्षा, 'चा' भनेको भ्फार, 'कुन' भनेको हिँउद र 'बु' भनेको कीरा हो (क्षत्री, २०६८) । वर्षायाममा भ्फारको रुपमा रही हिउँदमा कीराको रुपमा रुपान्तरण हुने भएकोले हिमाली भेगमा यसको नाम यार्चाकुन्बु रहन गएको हो । नेपालका हिमाली जिल्लाहरुमा यार्सागुम्बा नाम यार्चाकुन्बु बाट नै रहेको हो भन्ने मान्यता पाइन्छ । साथै नेपालमा यसलाई स्थान अनुसार विभिन्न नाम दिइएको पाइन्छ जस्तै कीराघाँस, कीराभ्फार, जीवनवुटी, संजिवनी, कीरा, जरा, इत्यादि (क्षत्री, २०६८) ।

१७. यार्सागुम्बा समुद्री सतहबाट करिब ३५०० मिटरदेखि ५५०० मिटरसम्मको उचाईमा वा त्यसभन्दा माथि ६ महिना हिँउ परिरहने र वर्षायाममा हिँउ पग्लने हिमरेखाको आसपासका स्थानहरुमा पाइने गर्छ (यादव, २०११) । यार्सागुम्बा नेपालमा ३५४०-५०५० मी., भुटानमा ४२००-५२०० मी., भारतमा ३२००-४२०० मी. र तिब्बतमा ३०००-५००० मी. को उचाइमा पाइने गरेको छ (श्रेष्ठ, २०१३) । विश्वमा यार्सागुम्बाका करीब ५०० भन्दा बढी प्रजातिहरु रेकर्ड गरिएका छन् (श्रेष्ठ, २०११) । नेपालमा हालसम्म यार्सागुम्बाका ११ प्रजातिहरु पहिचान गरिएकोमा ३ प्रजातिहरु Ophiocordyceps sinensis, O. militaris र O. nepalensis मा औषधीय गुण रहेको पाइएको छ (यादव, २०११) ।[४] यीमध्ये पनि व्यापारिक महत्वको हिसाबले Ophiocordyceps sinensis प्रमुख रहेको छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) ।

१८. यार्सागुम्बा एक प्रकारको बहुपोषक 'हाई क्वालिटी मल्टी भिटामिन' (High quality multi vitamin) युक्त जडीबुटी हो ।[५] यसलाई शक्तिवर्धक र रगत बढाउने औषधीको रुपमा पनि लिइन्छ । लामो समयको बिरामीलाई तागत दिने, रक्तअल्पता एवम् उमेर बढ्दै गएपछि हुने समस्या (Senile disorder) को उपचारमा समेत यो प्रयोग गरिन्छ । यसमा एन्टिबायोटिक गुण पनि रहेको हुनाले छाती तथा फोक्सोको संक्रमण, क्षयरोग, खोकी, मृगौला, कलेजो, हेपाटाईटिस बि (Hepatitis B) जस्ता रोगमा पनि औषधिको रुपमा यसको प्रयोग प्रभावकारी मानिएको देखिन्छ (यादव, २०११) ।

## नेपालमा यार्सागुम्बा उत्पादन एवम् संकलन

१९. नेपालमा यार्सागुम्बाको संकलन हिमाली तथा उच्च पहाडी क्षेत्रका चौरी खर्क तथा घाँसे मैदानबाट हुने गरेको छ । यसको अहिलेसम्म व्यवसायिक उत्पादन हुन सकेको छैन । यार्सागुम्बाको संकलन हाल नेपालका २५ जिल्लाबाट हुने गरेको भएतापनि १२ जिल्लाहरु (दार्चुला, म्याग्दी, डोल्पा, रुकुम, जुम्ला, मनाङ्ग, गोरखा, सिन्धुपाल्चोक, बभ्फाङ्ग, मुगु, संखुवासभा र रसुवा)[६] मा यसको व्यावसायिक संकलन हुने गरेको छ ।

---

[३] वर्षा शुरु हुन अगाडि Hepialus oblifurcus मोथको लार्भाको अगाडिपट्टिको टुप्पामा cordyceps fungus (ढुसी) ले संक्रमण गरेपछि यो हिउँदको अन्तसम्म माटो मुनी सुषुप्त (dormant) अवस्थामा रहन्छ र पछि क्रमशः लार्भाको शरीरमा संक्रमण गर्दै पुरै शरीर नै यसको तन्तुले भरिन्छ । वसन्त ऋतुसम्ममा यो आँख्लै-आँख्ला भएको लामा डाँठमा परिणत हुन्छ र अन्ततः लार्भाको टाउको भएर यो बाहिर अंकुरित हुन्छ ( अन्साब, २०१०)।

[४] वन तथा भू-संरक्षण मन्त्रालय (२०७१) का अनुसार नेपालमा पहिचान गरिएका यार्सागुम्बाका ११ प्रजातिहरुः *O. gracilis, O. ishikarisensis, O. liangashanensis, O. martialis, O. militaris, O. pruinosa, O. sphecocephala,O. tricentri, O. sinensis, O. nutans, O. nepalensis*

[५] यसमा कर्डिसेपिन एसिड, कर्डिसेपिन डि-मेनिटोल, पोलिसेक्राइड, फ्याटी एसिड, न्यूक्लियोसाइड प्रोटिन, भिटामिन ए, भिटामिन बी १, बी २, बी ६, बी १२, जिंक, तामा, कार्बोहाइड्रेट, जस्ता तत्वहरु रहेको अनुसन्धानले पुष्टि गरेको छ (श्रेष्ठ, २००९) ।

[६] यसै आ.व.देखि लाङटाङ राष्ट्रिय निकुञ्जले पनि स्थानीय वासिन्दालाई यार्सागुम्बा संकलन गर्न अनुमतिपत्र दिन शुरु गरेकोले रसुवा जिल्लालाई पनि समावेश गरिएको छ ।

जिल्लागत रुपमा यार्सागुम्बाको सबैभन्दा बढी उत्पादन दार्चुला र डोल्पामा हुने गरेको देखिन्छ । यार्सागुम्बाको औसत बजार मूल्य रु. २० लाखको आधारमा आ.व. २०७०/७१ मा रु. ४ अर्ब ९२ करोड मूल्यको यार्सागुम्बा संकलन भएको थियो जुन पूर्वी नेपालमा उत्पादन हुने अलैंचीको सोही वर्षमा भएको रु. ४ अर्ब २६ करोड बराबरको निर्यातको तुलनामा समेत बढी देखिन्छ ।

**तालिका २.१ : यार्सागुम्बा संकलन परिमाण (के.जी.)**

| सि.नं. | जिल्ला | २०६८/६९ | २०६९/७० | २०७०/७१ | रकम रू.(लाख) |
|---|---|---|---|---|---|
| | | के.जी. | के.जी. | के.जी. | |
| १. | दार्चुला* | ६७५.० | ६२४.५ | ९८७.६ | १९७५२.० |
| २. | डोल्पा | ४७२.५ | १७१.९ | ६६३.५ | १३२७०.० |
| ३. | जुम्ला | ०.० | १०६.९ | १४२.० | २८४०.० |
| ४. | मुगु | ०.० | ०.० | २३.२ | ४६४.० |
| ५. | बझाङ्ग | ०.० | २७४.१ | ४२७.० | ८५४०.० |
| ६. | रूकुम | २८.५ | ०.० | १८.७ | ३७४.० |
| ७. | म्याग्दी | १०.० | ०.० | १३.० | २६०.० |
| ८. | मनाङ्ग* | ०.० | १.० | १७३.८ | ३४७६.० |
| ९. | गोरखा | ०.० | ०.५ | ६.५ | १३०.० |
| १०. | सिन्धुपाल्चोक | ०.० | ०.० | १.० | २०.० |
| ११. | संखुवासभा | ०.० | ०.० | ३.० | ६०.० |
| १२. | रसुवा | – | – | – | – |
| | **कुल जम्मा** | **११८६.०** | **११७८.९** | **२४५९.२** | **४९१८४.०** |

स्रोत : वन विभाग, वन तथा भू-संरक्षण मन्त्रालय

* : मनाङ्गको तथ्याङ्क अन्नपूर्ण क्षेत्र संरक्षण आयोजनाबाट र दार्चुलाको तथ्याङ्क अपिनम्पा संरक्षण कार्यालय एवम् जिल्ला उद्योग वाणिज्य संघबाट प्राप्त

२०. यार्सागुम्बा वैशाखको अन्तिम साताबाट संकलन योग्य हुन्छ । बर्षात्मा यो माटोमा ढलेर कुहिने भएकोले असार महिना भित्रमा यो संकलन गरिसक्नु पर्ने हुन्छ । यसको संकलन पश्चात् कम्तिमा दुई दिन खुल्ला हावामा फिजाएर राख्ने गरिन्छ । यार्सागुम्बा सुकाउँदा त्यसमा भएको बाहिरी झिल्ली सुक्ने र माटो पनि झर्ने हुन्छ । त्यसपछि सुकेका यार्सागुम्बालाई राम्रोसँग सफा गरी गुणस्तर अनुसार छुट्ट्याएर विक्रीका लागि राख्ने गरिन्छ । यार्सागुम्बाको गुणस्तर छुट्याउँदा मुख्यतया ३ वटा कुराहरुलाई आधार लिइन्छ (अन्साब, २०१०) ।

**तालिका २.२: यार्सागुम्बाको गुणस्तर**

| **विवरण** | **उत्तम गुणस्तरको यार्सागुम्बा** |
|---|---|
| **१. आकार/तौल** | भुसिलकिराको भाग लामो र च्याउ को भाग छोटो आकार ८ से.मी.×२ से.मी., तौल ०.८ मिलीग्राम |
| **२. रङ** | बढी सुनौलो तथा चम्किलो |
| **३. खँदिलोपन (compactness)** | पछाडिको भाग थिच्दा खोक्रोपन नभएको |

*स्रोत: देवकोटा (२०१०)*

२१. नेपालमा पाइने यार्सागुम्बामध्ये डोल्पामा पाइने यार्सागुम्बा सबैभन्दा बढी गुणस्तरीय रहेको मानिन्छ । फलस्वरुप डोल्पामा पाइने यार्सागुम्बाको माग र मूल्य दुबै उच्च रहेको छ ।

२२. नेपालमा पहिलो पटक यार्सागुम्बाको संकलन पोलुनिन् *(Polunin),* साइकस *(Sykes)* र विलियम्स् *(Williams)* ले सन् १९५२ मा जुम्लाको चाकुरे लेकबाट गरेका थिए। त्यसपछि जडीबुटी विभाग, थापाथली *(DMP, Thapathali)* र निर्मल कुमार भट्टराईले मुगुबाट यसको संकलन गरेको एक अध्ययनमा देखिएको छ (अन्साब,२०१०) । डोल्पामा वि.सं. २०४५ देखि यार्सागुम्बाको कारोवार हुन थालेको हो । त्योभन्दा पहिला स्थानीय वासिन्दालाई यसबारे खासै थाहा थिएन । वि.सं. २०४५ तिर यार्सागुम्बा प्रति के.जी. रु. ७०० मा विक्री हुने गर्दथ्यो (अब्दुल्लाह, २०७१) ।

२३. वि.सं. २०६६ सालतिर अन्तर्राष्ट्रिय बजारमा यार्सागुम्बाको मूल्य एक्कासी आकासिन पुग्यो । त्यतिखेर यार्सागुम्बाको मूल्य प्रति किलो रु. २ लाख देखि रु. ३.५ लाखसम्म पुग्यो । यो मूल्यले गर्दा स्थानीयवासीहरु यार्सागुम्बा संकलनको लागि निकै आकर्षित हुन पुगे (अब्दुल्लाह, २०७१) । त्यसयता प्रत्येक वर्ष जेठ र असार महिनामा हजारौं मानिसहरु यसको संकलनमा लाग्ने गरेका छन् । अझ कतिपय गाउँहरुमा छोराछोरी सहित गाउँलेहरु सबै नै यार्सागुम्बा संकलन गर्न लेकतिर जाँदा थुप्रै विद्यालयहरु यार्सागुम्बाको सिजनमा विद्यार्थीशून्य भई बन्द हुने गरेका छन् ।

**यार्सागुम्बा संकलन र विक्रीवितरण सम्बन्धी नीतिगत व्यवस्था**

२४. नेपालमा यार्सागुम्बा संकलन र विक्रीवितरण सम्बन्धमा नीतिगत व्यवस्था प्रथमपटक वन ऐन, २०४९ तथा वन विनियमावली, २०५१ तर्जुमा भएपश्चात मात्र शुरु भएको पाइन्छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) । वन नियमावली, २०५१ ले यार्सागुम्बाको पहिचान गरी यसको संकलन कार्यलाई पूर्णरुपमा प्रतिबन्ध लगाएको थियो भने यसको संकलन तथा ओसारपसार गर्नेलाई प्रतिगोटा रु. ५०० जरिवाना लगाउने व्यवस्था गरेको थियो । उक्त प्रतिबन्ध वि.सं. २०५८ सालसम्म कायमै रहेको थियो । वि.सं. २०५८ मा वन नियमावलीमा संशोधन गरी यार्सागुम्बाको संकलन, ओसारपसार र प्रयोगमा फुकुवा गर्नुका साथै यार्सागुम्बाको प्रति के.जी. राजस्व रु. २० हजार निर्धारण गरिएको थियो । साथै यार्सागुम्बालाई प्रशोधन नगरी कच्चा रुपमा विदेश निर्यात गर्न रोक लगाइएको थियो । यद्यपी, यार्सागुम्बाको प्रशोधनको व्याख्या स्पष्ट नभएको हुँदा वि.सं. २०६१ मा विना प्रशोधन पनि विदेश निर्यात गर्न पाइने व्यवस्था कायम गरियो । त्यस्तै वि.सं. २०६२ मा यार्सागुम्बाको राजस्व घटाएर प्रति के.जी. रु. १० हजार कायम गरियो । वि.सं. २०७२ कार्तिकदेखि लागू हुने गरी हाललाई यार्सागुम्बाको राजस्वको दर रु.२५ हजार कायम गरिएको छ ।

२५. यार्सागुम्बाको संकलन नेपालभित्र मुख्यत: वन विभाग अन्तर्गतका वन क्षेत्र र निकुञ्ज/आरक्षण अन्तर्गतका संरक्षित क्षेत्रहरुबाट हुने गर्दछ । वन क्षेत्रबाट यार्सागुम्बा संकलन गर्न चाहनेले सम्बन्धित जिल्ला वन कार्यालय र संरक्षित क्षेत्रबाट संकलन गर्न चाहनेले सम्बन्धित संरक्षण कार्यालयबाट अनिवार्य रुपमा संकलन अनुमतिपत्र प्राप्त गर्नुपर्ने व्यवस्था रहेको छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) । हिमाली राष्ट्रिय निकुञ्ज नियमावली पहिलो संशोधन २०७१ ले निकुञ्ज क्षेत्रबाट यार्सागुम्बा संकलन गर्दा लाग्ने दस्तुर तीन किसिमको निर्धारण गरेको छ । यस अनुसार यार्सागुम्बा संकलनको अनुमतिको लागि प्रति व्यक्ति प्रति पूर्जीको शुल्क निकुञ्जका मध्यवर्ती क्षेत्रका बासिन्दाहरुका लागि रु. ५००, मध्यवर्ती क्षेत्र बाहेक निकुञ्ज रहेको जिल्लाका वासिन्दाहरुका लागि रु. २००० र निकुञ्ज रहेको जिल्ला बाहेकका अन्य जिल्लाका वासिन्दाहरुका लागि रु. ३००० तोकिएको छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) ।

२६. यार्सागुम्बाको संकलन पश्चात नियमानुसार लाग्ने राजस्व भुक्तान गरी सम्बन्धित वन कार्यालय वा निकुञ्ज कार्यालयबाट छोडपूर्जी लिएर मात्र नेपालभित्र ओसार पसार गर्न पाइने व्यवस्था रहेको छ । नेपालबाट यार्सागुम्बा विदेश निर्यात गर्दा उत्पत्तिको प्रमाणपत्रको शुल्कको रुपमा प्रति केजी रु. ५०० उद्योग वाणिज्य संघलाई बुझाउनुपर्ने व्यवस्था रहेको छ ।

२७. यार्सागुम्बाको संकलन सम्बन्धमा राष्ट्रियस्तरका नीतिगत व्यवस्थाका अतिरिक्त स्थानीयस्तरमा थप नीतिगत व्यवस्थाहरु रहेका छन् । यस्ता व्यवस्थाहरुमा एकरुपता रहेको छैन र समयसमयमा परिवर्तन भइरहेको पनि देखिन्छ । स्थानीय स्तरमा जिल्ला विकास समिति, स्थानीय समुदाय, विभिन्न समुह (क्लब)हरुले पनि अनुमति पत्र दिने र वन प्रवेश शुल्क लगाउने गरेको पाइन्छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) ।

**यार्सागुम्बा संकलन सम्बन्धी स्थानीय तहका नीतिगत व्यवस्था**

२८. यार्सागुम्बा संकलकले आफूले यार्सागुम्बा संकलन गर्न जाने स्थान र संकलन गर्ने परिमाण उल्लेख गरी जिल्ला वन कार्यालयमा संकलन अनुमतिपत्रको लागि निवेदन दिनुपर्ने व्यवस्था रहेको छ । साधारणतया: यार्सागुम्बा व्यापारी वा मेठ (ठेकेदार)ले यस्तो अनुमतिपत्र लिने र सो को प्रतिलिपि लिएर संकलकहरु यार्सागुम्बाका पाटनहरुमा जाने गर्दछन् । संकलन भइसकेपछि जिल्ला वन कार्यालयबाट खटाइएका ईलाका वन कार्यालयका प्रतिनिधि घाटगद्दीमा गई संकलित यार्सागुम्बाको जाँच तौल गरी मुचुल्का बनाउने गरिन्छ । सो मुचुल्काको आधारमा प्रति के.जी. रु. १०,०००।- राजस्व असुल गरी निकासीका लागि छोडपूर्जी जारी गर्ने व्यवस्था रहेको छ (क्षत्रि, २०६८) ।

२९. संरक्षण क्षेत्र तथा निकुञ्जहरुमा यार्सागुम्बा संकलनका लागि अनुमति प्रदान गर्न भिन्दाभिन्दै प्रवेश शुल्कको व्यवस्था समेत् रहेको पाइन्छ । मनाङ्ग जिल्लाको अन्नपूर्ण क्षेत्र आयोजना अन्तर्गत संरक्षण क्षेत्र व्यवस्थापन समितिले आ.व. २०७०/७१ देखि यार्सागुम्बा संकलन गर्न प्रवेश शुल्क लिने व्यवस्था अन्तर्गत संकलन गर्न जाने व्यक्ति स्थानीय वासिन्दा भएमा गा.वि.स. अनुसार रु. ३,०००।- देखि रु. १०,०००।- सम्म पूर्जी वापत दस्तुर उठाउने गरेको छ । त्यस्तै गरी अन्य जिल्लाबाट आएको भएमा गा.वि.स. अनुसार रु. ५,०००।- देखि रु. २०,०००।- सम्मको दस्तुर उठाउने व्यवस्था गरिएको छ ।

३०. जिल्ला विकास समिति बझाङ्गले आ.व. २०७०/७१ देखि यार्सागुम्बा संकलन गर्न पाटनमा प्रवेशको लागि जाने व्यक्ति सोही गा.वि.स. को वासिन्दा भएमा रु. ३००।-, छिमेकी गा.वि.स. को भएमा रु. ५००।- र अन्य गाविसबाट आएको भएमा रु. १,०००।- दस्तुर उठाउने व्यवस्था गरेको छ । वि.सं. २०६९ देखि डोल्पामा उत्पादित यार्सागुम्बाको लागि व्यापारीलाई डोल्पा उद्योग वाणिज्य संघ र जि.वि.स.ले संयुक्तरुपमा प्रति केजी रु. ५००।- शुल्क लिई उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) प्रदान गर्ने गरेको छ । यसरी संकलन गरेको शुल्कमध्ये ६० प्रतिशत रकम उद्योग वाणिज्य संघलाई र बाँकी ४० प्रतिशत रकम जि.वि.स.लाई प्राप्त हुने व्यवस्था छ । जिल्ला विकास समिति, जुम्लाले आ.व. २०७०/७१ देखि लागू हुने गरी यार्सागुम्बामा स्थानीय व्यापारीहरुसँग स्थानीय करको रुपमा एक मौसमका लागि रु. ३,०००।- संकलन गर्ने गरेको पाइन्छ ।

**यार्सागुम्बाको बजार**

३१. यार्सागुम्बा करीब पन्ध्र सय वर्षअघि तिब्बति गोठालाहरुमार्फत् पत्ता लागेको भएतापनि यसको व्यापारिक महत्व सन् १९९३ को विश्व एथलेटिक्स च्याम्पियनसीप पश्चात् मात्र एकाएक बढेको पाइन्छ । उक्त च्याम्पियनसीपमा चाइनीज एथलिटहरुले दौड प्रतियोगितामा थुप्रै विश्व किर्तिमानहरु कायम गरेका थिए । ती एथलिटहरुले यार्सागुम्बालाई टनिकको रुपमा सेवन गर्ने गरेको कुरा प्रचारमा आएपश्चात् विश्वबजारमा यसको माग निरन्तर रुपमा बढ्दै आएको पाइन्छ (श्रेष्ठ, २०१३) ।

३२. यार्सागुम्बाको प्रमुख बजार चीन र तिब्बत हुन् । हाल यार्सागुम्बाको बजार कोरिया, ताईवान, हङकङ, बर्मा, थाईल्याण्ड, सिंगापुर, जापान, बेलायत र अमेरिका आदि देशहरुमा पनि फैलिएको छ । विश्वमा यार्सागुम्बाको कुल उत्पादन ८३ देखि १८३ मेट्रिक टन रहेको अनुमान छ (व्इनकिलर, २००७) । उक्त अध्ययनले चीन, भारत, भुटान र नेपालमा क्रमशः ८०-१७५ मे.टन, १.७-२.८ मे.टन, ०.५-१.५ मे.टन र १-३.२ मे.टन यार्सागुम्बा उत्पादन गरेको अनुमान गरेको छ । यस अनुसार यार्सागुम्बाको कुल विश्व

उत्पादनमा नेपालको अंश करीब २ प्रतिशत रहेको भएतापनि नेपाल यार्सागुम्बाको दोस्रो ठूलो उत्पादक राष्ट्र रहेको देखिन्छ ।

३३. अहिलेको समयमा यार्सागुम्बा विश्वको सर्वाधिक बहुमूल्य जैविक वस्तु हो (स्टोन, २००८) । सबैभन्दा उच्च गुणस्तरको यार्सागुम्बाको मूल्य मार्च २०१२ मा चीनमा प्रति के.जी. १ लाख अमेरिकी डलरसम्म पुगेको थियो (एजल समाचार, २०१२) भने सिंगापुरमा प्रति के.जी. १ लाख ३० हजार अमेरिकी डलरसम्म पुगेको थियो (लेङ्ग, २०१२) । यद्यपि, त्यस समयमा सुनको मूल्य प्रति के.जी. ६८ हजार डलर मात्र थियो । अन्तर्राष्ट्रिय बजारमा यार्सागुम्बाको खुद्रा मूल्य औसतमा प्रति के.जी. ४५ हजार देखि ९० हजार अमेरिकी डलरसम्म रहेको पाइन्छ (लेङ्ग, २०१२) । यार्सागुम्बाको वार्षिक विश्वबजार ५ देखि ११ अर्ब अमेरिकी डलर बराबर रहेको अनुमान छ (श्रेष्ठ, २०१३) ।

३४. नेपालमा यार्सागुम्बाको मूल्य, संकलन प्रणाली, विक्रीवितरण र निर्यात कार्य त्यति पारदर्शी रहेको पाइँदैन । यार्सागुम्बाको बजार प्रणाली अझै पनि धेरै अनौपचारिक प्रकृतिको रहेको छ । व्यापारको लागि प्रयोग गरिएको च्यानल अनुरुप यसको मूल्य संकलनकर्ता, थोक व्यापारी र निर्यातकर्ता पिच्छे फरक रहेको पाइन्छ । साथै गुणस्तर अनुसार यसको मूल्य फरक पर्ने गर्छ । गत वर्ष चीनमा २००० गोटाले किलो पुग्ने यार्सागुम्बाको मूल्य रु ३० लाख, ३००० गोटाले किलो पुग्नेको रु. २० लाख र ४००० गोटाले किलो पुग्नेको रु. १० लाख रहेको थियो (विक्ली नेपाल, २०७२) । यार्सागुम्बाको मूल्यमा वर्षेपिच्छे धेरै उतारचढाव भएको पाइन्छ । यार्सागुम्बाको मूल्य मुख्यतयाः चीनिया व्यापारीले दिन चाहेको मूल्यका आधारमा निर्धारण हुने भएकोले अघिल्लो वर्षको तुलनामा यसवर्ष कतिपय व्यापारीहरुले संकलकलाई दिन प्रतिवद्धता गरेको मूल्य समेत् प्राप्त गर्न नसकी घाटा व्यहोर्नु परेको छ (विक्ली नेपाल, २०७२) ।

३५. यार्सागुम्बा प्राकृतिक क्षेत्रबाट मात्र संकलन गर्न सकिने वन पैदावार भएकोले यसको बजार प्रणाली संकलनकर्ताबाट शुरु हुन्छ । संकलनकर्ताहरुले आफूले जम्मा गरेको यार्सागुम्बा स्थानीय व्यापारीलाई बेच्ने गर्छन् । क्षेत्रीय स्तरका थोक व्यापारीहरुले स्थानीय व्यापारीसँग यार्सागुम्बा खरीद गरी निर्यातकर्तालाई बेच्ने गर्छन् । काठमाडौं तथा तिब्बतबाट आएका एजेन्टहरुले स्थानीय बजारबाट यार्सागुम्बा खरीद गर्ने गर्छन् । त्यस्तै स्थानीय एजेन्टहरुले संकलनकर्ताहरुसँग खरीद गरी तिब्बतको सिमानामा लगि तिब्बति एजेन्टलाई विक्री पनि गर्ने गर्छन् । यसरी अवैध तरिकाले तिब्बततर्फ निकासी भएको यार्सागुम्बाको परिमाण उल्लेख्य रहेको छ (अन्साब, २०१०) । चीनमा यार्सागुम्बाबाट शक्तिवर्धक जडिवुटीका साथै विभिन्न किसिमका खाद्यवस्तु बनाइने भएकाले चीनमा यसको अत्याधिक माग रहेको देखिन्छ (अब्दुल्लाह, २०७१) । कतिपय संकलनकर्ताहरु स्वयं तिब्बतको सिमानामा लगि तिब्बति एजेन्टलाई विक्री पनि गर्ने गर्छन् (अन्साब, २०१०) । नेपालमा संकलन हुने यार्सागुम्बा सबैजसो निर्यात हुने अनुमान रहेको र संकलन समेत अधिकांश अनौपचारिक तवरले हुने अनुमानको आधारमा नेपालबाट वार्षिक ५००० के.जी. यार्सागुम्बा निकासी हुने अनुमान गरिएको छ (अब्दुल्लाह, २०७१) ।

## यार्सागुम्बाले पारेको आर्थिक एवम् सामाजिक प्रभाव

३६. यार्सागुम्बाको अनौपचारिक संकलन, व्यापार एवम् निर्यात समेत् हुने गरेकोले यसको स्पष्ट अभिलेखको अभाव छ । फलस्वरुप यसले राष्ट्रिय अर्थतन्त्रमा एवम् स्थानीय स्तरमा गरेको योगदान यकिन गर्न कठिनाई रहेको छ । तथापि प्रत्येक वर्ष यार्सागुम्बा संकलन तथा विक्री वितरणप्रति उच्च पहाडी तथा हिमाली भेगका जनताको बढ्दो आकर्षणलाई मध्यनजर गर्दा यार्सागुम्बाको अर्थतन्त्रमा योगदान बढ्दो रहेको अनुमान गर्न सकिन्छ । केही पूर्व अध्ययनहरुले समेत यार्सागुम्बाले उच्च पहाडी भेग तथा हिमाली भेगका कैयौं वासिन्दाहरुको जीवनस्तरमा ठूलो परिवर्तन ल्याउन र ती क्षेत्रको स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउन उल्लेख्य भूमिका खेलेको कुरा औंल्याएका छन् । यद्यपि, यार्सागुम्बाको उत्पादनको तुलनामा संकलनमा देखिएको उच्च चापका कारण कैयौं सामाजिक बेथितिहरु, पर्यावरणमा प्रतिकूल असर, शान्तिसुरक्षामा चुनौती आदि नकारात्मक प्रभावहरु पनि देखिएका छन् ।

**क) राजस्वमा प्रभाव**

३७. यार्सागुम्बा संकलनको लागि पाटनमा प्रवेश शुल्कका माध्यमबाट स्थानीय स्तरमा प्रत्येक वर्ष हिमाली जिल्लाहरुमा उल्लेख्य राजस्व संकलन हुने गरेको छ । त्यस्तै संकलित यार्सागुम्बा निकासीको लागि छोडपूर्जी बनाउँदा प्रति केजी रु. १०,०००।- को दरले राजश्व लाग्ने हुन्छ । अनौपचारिक तवरले हुने यार्सागुम्बाको कारोवारलाई औपचारिक माध्यमभित्र ल्याउन सकेमा यार्सागुम्बाबाट राज्यले उल्लेख्य राजस्व हासिल गर्न सक्ने देखिन्छ । विद्यमान राजस्व दर धेरै वर्षदेखि पुनरावलोकन नभएको र यार्सागुम्बाको अन्तर्राष्ट्रिय मूल्य बढ्दै गएको परिप्रेक्ष्यमा यसको राजस्व दर बढाउन उपयुक्त हुने सुझाव समेत प्राप्त हुने गरेको छ । वन तथा भू-संरक्षण मन्त्रालय (२०७१) ले यार्सागुम्बाको राजस्व दर वृद्धि गरी प्रति के.जी. रु. २५०००।- कायम गर्नुपर्ने र सो दर प्रत्येक दुई-दुई वर्षमा पुनरावलोकन गर्नुपर्ने एवम् यार्सागुम्बाबाट उठेको राजस्वको निश्चित अंश यार्सागुम्बा संकलन समयको अनुगमन र सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन खर्च गर्नुपर्ने सुझाव दिएको छ ।

**तालिका २.३: यार्सागुम्बाले राजस्वमा पारेको योगदान**

| आर्थिक वर्ष | रकम (रु.लाखमा) |
|---|---|
| २०६८।६९ | ५१.१ |
| २०६९।७० | ११७.९ |
| २०७०।७१ | २४५.९ |
| २०७१।७२ | - |

**ख) आय, रोजगारी तथा पूर्वाधारमा योगदान**

३८. यार्सागुम्बा संकलनको लागि हरेक वर्ष डोल्पामा मात्रै चालीस हजारभन्दा बढी मानिसहरु संकलनका लागि जाने र उनीहरु सरदर तेह्र दिन संकलन क्षेत्रमा बस्ने गरेको देखिएको छ (क्षत्री, २०७१) । वि.सं. २०७१ सालमा मात्रै औपचारिक तवरले नै यार्सागुम्बा संकलन गर्न डोल्पा जिल्लामा ५३ हजार जना प्रवेश गरेका छन् (अनलाइन, २०१४) । यस्तै दार्चुलामा यस वर्ष संकलकहरुको संख्या २५ हजारभन्दा बढी रहेको अनुमान छ (मेरो लगानी, २०७२) । आर्थिक वर्ष २०७०/७१ मा रुकुममा मात्रै २० हजारभन्दा बढी मानिसहरु यार्सागुम्बा संकलन गर्न गएका छन् (दि हिमालयन टाइम्स, २०१४) । यसैगरी जुम्ला, मनाङ्ग, दार्चुला, लगायत यार्सागुम्बा पाइने दर्जनौ ठाउँमा हरेक वर्ष हजारौंको संख्यामा मानिसहरु यार्सागुम्बा संकलन गर्न जान्छन् । यसरी यार्सागुम्बाका कारण न्यून आय भएका, पिछडिएका, दलित, जनजाति सहित धेरैलाई आंशिक रोजगारी सृजना भएको देखिन्छ ।

३९. साथै यार्सागुम्बा संकलकहरुका लागि खाद्य तथा अन्य सामाग्री आपूर्ति, होटल व्यवसाय तथा व्यापारको सिलसिलामा पनि उल्लेख्य रोजगारी सृजना भएको देखिन्छ । यार्सागुम्बाको आम्दानीले हिमाली क्षेत्रका वासिन्दाका लागि आवश्यक खाद्यान्न सामाग्री खरीद, भौतिक पूर्वाधार निर्माण तथा शिक्षा र स्वास्थ्यको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको छ । हालको प्रति गोटा यार्सागुम्बाको औसत मूल्य रु. ८ सयका हिसाबले पनि प्रति व्यक्ति दैनिक नौ हजार दुई सय आय आर्जन गर्ने देखिएको छ (क्षत्री, २०७१) । प्रत्येक संकलकले औसत वार्षिक रु १ लाख २० हजार आय आर्जन गर्ने देखिन्छ भने औसत परिवार संख्या पाँच जनाको हिसाबले पनि यार्सागुम्बा संकलन तथा व्यापारबाट मात्रै प्रति परिवार वार्षिक करीब रु. ६ लाख आम्दानी गर्ने देखिन्छ (क्षत्री, २०७१) । यसरी यार्सागुम्बाले ग्रामीण जीवनस्तर उकास्न सकारात्मक भूमिका खेलेको देखिन्छ ।

४०. यार्सागुम्बाले गर्दा हिमाली जिल्लाका सदरमुकामहरु र गाँउहरुमा समेत घर घडेरीको मूल्य उल्लेख्य रुपले बढेको छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) । यार्सागुम्बाको संकलन गर्न पाटनमा प्रवेश गर्न लाग्ने दस्तुर उठाएर स्थानीय निकायहरुले पनि राम्रो आम्दानी गरेको देखिन्छ र तदनुरुप स्थानीयस्तरमा विकास निर्माणका केही कामहरु पनि भएको छ । उदाहरणको लागि मनाङ्ग जिल्लाको टंकीमनाङ्ग गाउँमा स्थानीय निकायले यार्सागुम्बा संकलनको लागि पूर्जी दिएवापत उठाइएको रु ३ करोड उपयोग गरी १ सय ६० किलोवाट क्षमताको मनाङ्ग सामुदायिक लघु जलविद्युत आयोजना समेत निर्माण गरिएको छ (नागरिक न्यूज, २०७०) ।

**ग) ग्रामीण अर्थतन्त्रको मौद्रिकीकरण**

४१. यार्सागुम्बा संकलनका महिनाहरुमा हिमाली जिल्लाका सदरमुकामहरुमा आर्थिक गतिविधिमा एक्कासी विस्तार आउने गर्दछ । यार्सागुम्बाको संकलनका लागि विभिन्न ठाउँबाट आएका हजारौं मानिसहरु हिमालतर्फ यार्सागुम्बा टिप्न जानु अघि सदरमुकाममा बन्दोवस्तीका सामानहरु किन्ने गर्छन् । त्यसैगरी काठमाडौं लगायत तिब्बतबाट व्यापारीहरु तथा तिनीहरुका एजेन्टहरु यार्सागुम्बा खरीद गर्न सदरमुकाममा आउने गर्छन् । सदरमुकाममा यार्सागुम्बाको ठूलो परिमाण र मूल्यको कारोवार हुने तथा अन्य आर्थिक गतिविधिमा विस्तारका कारण ठूलो मात्रामा नगद कारोवार हुने गर्दछ । त्यसकारण अन्य महिनाहरुको तुलनामा यार्सागुम्बाको मौसममा सदरमुकाम स्थित बैंकहरुले नेपाल राष्ट्र बैंकबाट बढी परिमाणमा नगद माग गर्ने गर्छन् । नेपाल राष्ट्र बैंकको विगत तीन वर्षको फण्ड ट्रान्सफर तथ्याङ्क तालिका २.५ मा प्रस्तुत यार्सागुम्बाको संकलनको सिजन आर्थिक वर्षको अन्त्यतिर पर्ने हुँदा फण्ड ट्रान्सफर बढी हुने हुन्छ । उदाहरणको लागि यार्सागुम्बाको अधिक कारोवार हुने डोल्पामा तुलनात्मक रुपले बढी ट्रान्सफर भएको देखिएकोले यार्सागुम्बा कै कारण यसो भएको निष्कर्ष निकाल्न सकिन्छ । तसर्थ यार्सागुम्बाको बढ्दो कारोबारले ग्रामीण अर्थतन्त्रको मौद्रिकीकरणमा समेत महत्वपूर्ण भूमिका खेलेको अनुमान गर्न सकिन्छ ।

| **तालिका २.४ फण्ड ट्रान्सफर विवरण** | | | | **(रकम रु.करोडमा)** | |
|---|---|---|---|---|---|
| | डोल्पा | जूम्ला | दार्चूला | बझाङ्ग | मनाङ्ग |
| **बैशाख-असार** | ७६.७ | १३.३ | ३१.७ | १५.० | १८.७ |
| **बाँकी नौ महिना** | २३.३ | १०.० | ४०.० | २१.७ | ६.७ |
| **कुल** | १००.० | २३.३ | ७१.७ | ३६.७ | २५.३ |

**घ) सामाजिक प्रभाव**

४२. यार्सागुम्बाको संकलनबाट हिमाली तथा उच्च पहाडी भेगका वासिन्दाहरुको आयआर्जन तथा रोजगारीका अवसरहरुमा अभिवृद्धि भएको पाइन्छ । त्यस्तै, पर्यटन, होटल, बैंक तथा वित्तीय संस्थाहरु लगायत आर्थिक क्रियाकलापमा विस्तार भएको पाइन्छ । यद्यपी, यार्सागुम्बाको बढ्दो संकलनसँगै उच्च पहाडी तथा हिमाली भेगमा शिक्षा, स्वास्थ्य तथा शान्ति सुरक्षाको स्थितिमा प्रतिकूल प्रभाव पनि पर्ने गरेको छ । कतिपय विद्यालयका विद्यार्थीहरु र शिक्षकहरु समेत उल्लेख्य संख्यामा यार्सागुम्बाको संकलनमा जाने गर्दा जेठ-असारमा विद्यालय नै बन्द हुने गरेको पाइन्छ ।

४३. उच्च हिमाली भु-भागमा यार्सागुम्बा खोज्दै गर्दा भिरबाट लड्ने तथा हिउँको दरारहरुमा परेर धेरैले ज्यानै गुमाएका घटनाहरु पनि छन् । कतिपय गाउँलेहरु उच्च हिमाली भेगमा कैयौ हप्ता यसको खोजी गर्दा रित्तै हात फर्कन परेका पनि छन् भने हिउँले पुरिएको चिसो माटोमा कुहिनाले टेक्दै खोस्रदै यार्सागुम्बा खोज्दा चिसो र लेक लागेर बिरामी पर्ने गरेका छन् । कतिपय यार्सागुम्बा संकलक/गाउँलेहरु snow blindness, जोर्नी दुख्ने तथा श्वासप्रश्वासको समस्या लिएर फर्कने गरेका छन् भने कतिपयले निकै विरामी परेर एवम् स्वास्थ्य उपचार उपलब्ध नहुँदा ज्यानै समेत गुमाउने गरेका छन् ।

४४. यार्सागुम्बा संकलनको कारण कतिपय गाउँलेहरुबीच झै-झगडा हुने गरेको छ । बाहिरी जिल्लाबाट आउने संकलनकर्ता र स्थानीयबीच पटक-पटक झडपहरु हुने गरेको छ । जुन २००९ मा गोर्खाबाट यार्सागुम्बा संकलन गर्न मनाङ्ग आएका सातजना युवाहरुलाई स्थानीय वासिन्दाहरुले मनाङ्गको नार गा.वि.स.मा अत्यन्त क्रुरताका साथ हत्या गरेर भीरबाट फालेका थिए । लगत्तै त्यसमा संलग्न ३६ जना गाउँलेहरुलाई प्रहरीले समातेको थियो । आ.व. २०७०/७१ मा डोल्पा र रुकुम जिल्लामा यार्सागुम्बाकै कारणबाट आपराधिक क्रियाकलापमा वृद्धि भएको थियो (दि हिमालयन टाइम्स, २०१४) । असुरक्षा कै कारणले गर्दा रु. २० हजार देखि रु. ५० हजारसम्म खर्च गरी यार्सागुम्बा संकलन गर्न गएका कतिपय व्यक्तिहरु बीचबाटै फर्केका थिए । बढ्दो असुरक्षाका कारण कतिपय संकलनकर्ताहरु आ-आफ्नो समूह बनाई हातहतियार सहित यार्सागुम्बा संकलन गर्न जाने गरेको पाइएका छन् ।

वन तथा भू-संरक्षण मन्त्रालय (२०७१) ले गरेको अध्ययनले पनि यार्सागुम्बाको बढ्दो संकलनले संकलकहरुबीच भैभगडा बढ्ने र हत्या हिंसा वृद्धि भएको, वन्य जन्तुको चोरी शिकारी बढेको, पाटन क्षेत्र मा जुवातास र मदिरा सेवनका संस्कृति समेत बढेको कुरा पुष्टि गरेको छ ।

**यार्सागुम्बाको दिगो उपयोगमा देखिएका चुनौती**

४५. यार्सागुम्बाको बढ्दो एवम् अव्यवस्थित संकलनका कारण वन स्रोतको अत्याधिक दोहन एवम् वातावरणीय प्रदुषण समेत बढेको र यस्ता प्रतिकूल प्रभावहरु झन् झन् जटील हुँदै गएको छ (वन तथा भू-संरक्षण मन्त्रालय, २०७१) । यसका कारण यार्सागुम्बाको दिगो उपयोग संकटमा पर्न गएको छ । विशेषगरी चार प्रमुख कारकतत्वहरुले गर्दा यार्सागुम्बाको दिगो उपयोग संकटमा परेको हो (श्रेष्ठ, २०१३) ।

(क) उच्च हिमाली क्षेत्रका चरनहरुमा स्थानीय वासिन्दाले गाइवस्तु उच्च स्तरमा चराउनु
(ख) जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि हुनु र पूर्वी हिमालयमा हिउँको मात्रा घट्दै जानु
(ग) होस्ट बिरुवाको गिरावट एवम् हानीका कारण मोथ तथा लार्भाको जनसंख्यामा कमी
(घ) संकलनकर्ताहरुको कारणबाट माटोमा रहेको fungal spores मैत्री सूक्ष्मकिटाणुहरुमा परिवर्तन

४६. देवकोटा (२००८) का अनुसार जंगलका काठदाउराको अत्याधिक उपयोग र जंगलमा आगो लगाउने कार्य ( यार्सागुम्बाको उच्च उत्पादन, राम्रो चरन विकास गर्ने उद्देश्यले) र हजारौंको संख्यामा मानिसहरुले यार्सागुम्बाको वासस्थान टेक्ने, खन्ने र खोस्रने कार्यले यार्सागुम्बाको संरक्षणमा ठूलो चुनौती थपिएको छ । यार्सागुम्बाको संरक्षण नगरी जथाभावी संकलन गर्ने हो भने यो विस्तारै हराउँदै जाने हुन्छ र यसले ठूलो पर्यावरणीय संकट समेत ल्याउन सक्छ । यार्सागुम्बा लोप भएमा लार्भा र मोथको जनसंख्या जथाभावी बढ्न गई हिमाली क्षेत्रको संवेदनशील पर्यावरणमा प्रतिकूल असरहरुका श्रृंखला बढ्न सक्छन् ।

४७. सन् २०१३ को एक अध्ययनले विगत केही वर्षयता नेपालमा यार्सागुम्बाको प्रति इकाई उत्पादन घट्दो क्रममा रहेकोले यसको दिगो व्यवस्थापनको लागि तत्काल कदम चाल्न आवश्यक रहेको कुरा औंल्याएको छ (श्रेष्ठ, २०१३) । उक्त अध्ययनले यार्सागुम्बाका २०३ जना संकलक र २८ जना व्यापारीसँग अन्तरवार्ता एवम् अन्तरक्रियाबाट प्राप्त जानकारीलाई विश्लेषण गरी करीब ९५ प्रतिशत उत्तरदाताले बढ्दो संकलनका कारण यार्सागुम्बाको उपलब्धता विस्तारै घट्दै गइरहेको र ६७ प्रतिशत उत्तरदाताले यार्सागुम्बाको वर्तमान संकलन अभ्यास दिगो नरहेको धारणा व्यक्त गरेको निष्कर्ष निकालेको थियो ।

४८. देवकोटा (२००८) को अध्ययनले यार्सागुम्बाको दिगो उपयोगमा जथाभावी संकलनले चुनौती थपिएको निष्कर्ष निकाल्दै यार्सागुम्बाको व्यवस्थापन सुधार गर्न स्थानीयहरुको सहभागितामा पाटन क्षेत्रको व्यवस्थापन, वातावरणीय प्रदुषणको नियन्त्रण, वातावरणीय जगेर्ना शिक्षा कार्यक्रम, यार्सागुम्बाको स्रोत सर्वेक्षण तथा नक्सांकन, पाटन क्षेत्रमा मानिस तथा घरपालुवा जनावरको चाप व्यवस्थापन गर्न आवश्यक रणनीति तथा कार्यहरु सुझाव पेश गरेको थियो ।

४९. वन तथा भू-संरक्षण मन्त्रालय (२०७१) का अनुसार यार्सागुम्बाको संकलनलाई व्यवस्थित गर्न पाटन क्षेत्र पहिचान गरी त्यसको carrying capacity (प्रति वर्ग कि.मी. निश्चित संख्या) निर्धारण गरी सो अनुसार संकलनमा प्रवेश दिनुपर्ने, संकलकको उमेर हद १८-६० वर्ष तोक्नुपर्ने, संकलक परिचय पत्र अनिवार्य गर्नुपर्ने र सो लिँदा यार्सागुम्बाको दिगोसंकलन सम्बन्धी २-३ घण्टाको अभिमुखीकरण कक्षा दिनुपर्ने, प्रवेश शुल्कमा एकरुपता कायम गर्नुपर्ने र बाह्य संकलकको संख्यालाई सीमित गर्नुपर्ने सुझाव दिएको छ । यार्सागुम्बाको दिगो संकलनलाई सुनिश्चित गर्न यस सम्बन्धी वैज्ञानिक अनुसन्धानहरु गर्नुपर्ने, यसको व्यापार सम्बन्धी छुट्टै नीति तर्जुमा गरी संकलन, प्रशोधन, प्याकेजिंग र ट्रेडमार्क र प्रमाणीकरणको व्यवस्था गर्नुपर्ने, यार्सागुम्बालाई राष्ट्रिय महत्वको बहुमूल्य जडीबुटी घोषणा गरी यसका सरोकारवालाहरु स्पष्ट पहिचान गरी तिनीहरुको दुरुस्त भूमिका निर्धारण गर्नुपर्ने कुरा सुझाव दिएको छ ।

# परिच्छेद ३: स्थलगत सर्वेक्षणको नतिजा

५०. यार्सागुम्बाको अधिक संकलन तथा विक्री वितरण हुने हिमाली तथा उच्च पहाडी जिल्लाहरुमध्ये सर्वेक्षणमा समेटिएका पाँच केन्द्रमा स्थलगत सर्वेक्षणमार्फत् प्रश्नावलीको माध्यमबाट सोधिएको प्रश्नहरुको जवाफको आधारमा प्राप्त नतिजाहरुलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ । सर्वेक्षणको नतिजामा खासगरी यार्सागुम्बाको संकलन, विक्री वितरण साथै हिमाली भेगका जनताको आर्थिक तथा सामाजिक क्रियाकलापमा यसले परेको प्रभाव जस्ता विषयहरु समावेश गरिएको छ ।

५१. यार्सागुम्बाको संकलन प्रवृतिको विश्लेषण सर्वेक्षणका क्रममा जिल्ला बन कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा गरिएको छ । यार्सागुम्बाको संकलन कार्य शिर्षक अन्तर्गत यार्सागुम्बा संकलनमा जाने वासिन्दाको संख्या, संकलकको व्यक्तिगत विवरण, संकलन अवधि, संकलनका लागि लाग्ने खर्च, संकलनबाट प्राप्त हुने आय लगायतका विषयहरु समावेश गरिएको छ । सर्वेक्षण केन्द्रका कुल ५० यार्सागुम्बा संकलकहरुलाई प्रश्नावली तथा अन्तरक्रिया मार्फत् प्राप्त तथ्याङ्क तथा जानकारीको आधारमा उक्त विषयहरुको विश्लेषण गरी नतिजामा पुगिनेछ । यार्सागुम्बाको विक्री वितरण सम्बन्धी तथ्याङ्क एवम् सुचनाहरु सबै केन्द्रका कुल २५ यार्सागुम्बा व्यापारीहरुबाट लिइएको छ । यार्सागुम्बा व्यापारीबाट प्रश्नावली मार्फत् यार्सागुम्वाको मूल्य निर्धारण प्रक्रिया, मूल्य प्रवृत्ति, पूँजीको स्रोत, ढुवानीको माध्यम, विक्री तथा आम्दानी लगायत यार्सागुम्बाको माग तथा आपूर्तिको अवस्थाका बारेमा जानकारीको संकलन तथा विश्लेषण गरिएको छ ।

५२. त्यसै गरी यार्सागुम्बाको संकलन तथा विक्री वितरणले हिमाली क्षेत्रका जनताको आय तथा रोजगारीमा पारेको प्रभाव तथा आर्थिक क्रियाकलापमा देखिएको परिवर्तनका विषयहरुमा यार्सागुम्बा संकलक, व्यापारी तथा जिल्ला वन कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला विकास समिति तथा संरक्षण क्षेत्र एवम् निकुञ्ज कार्यालय सहित कुल ९३ जना उत्तरदाताहरुको जवाफका आधारमा नतिजा प्रस्तुत गरिएको छ । स्थलगत सर्वेक्षणका क्रममा छलफल तथा अन्तरक्रियामार्फत् यार्सागुम्बा संकलन एवम् विक्रीवितरणले सृजना गरेका सामाजिक, शैक्षिक, स्वास्थ्य, पर्यावरणीय एवम् शान्ति सुरक्षाका चुनौतीहरु प्रस्तुत गरिएको छ ।

## यार्सागुम्बा संकलन स्थान र परिमाण

५३. नेपालमा समुद्र सतहदेखि ३५४०-५०५० मी. उचाईका घाम पर्ने पाहारिला पाटनहरुमा यार्सागुम्बा उपलव्ध हुन्छ । सम्पूर्ण हिमाली तथा उच्च पहाडी जिल्ला र त्यहाँका सबै गा.वि.स.हरुमा यसको उत्पादन सम्भाव्यता छैन । स्थलगत सर्वेक्षणका क्रममा जिल्ला वन कार्यालयहरुबाट प्राप्त जानकारी अनुसार तालिका ३.१ मा उल्लेख गरिए वमोजिमका जिल्ला तथा सो अन्तर्गतका गा.वि.स.हरुबाट यार्सागुम्बा संकलन हुने गरेको

| तालिका ३.१ः यार्सागुम्बा संकलन हुने प्रमुख गाउँ विकास समितिहरु | | | |
|---|---|---|---|
| क्र.सं. | जिल्ला | गाउँ विकास समितिको नाम | संख्या |
| १. | दार्चुला | ब्यास, घुसा, खण्डेश्वरी, राप्ला, गुल्जर र सितोला | ६ |
| २. | डोल्पा | दुनै, माझफाल, शहरतारा, लाउन, मुकोट र छाटका | ६ |
| ३. | जुम्ला | बुढीचौर, धुमचौर, पाताराशी, डिल्लीचौर, गर्ज्यागकोट, देपाल गाँउ, कार्तिकस्वामी, हाकु, ताम्ती र बुम्रमाडीचौर | १० |
| ४. | बझाङ्ग | सुर्मा, दौलीचौर, दहबगर, लेकगाँउ, सैनपसेला, सुनीवोट, धमेना, दतिला, व्यासी र काँडा | १० |
| ५. | मनाङ्ग | खाङसार, टंकी मनाङ्ग, मनाङ्ग, भ्राका, डावल, घ्यारु, पिसाङ, नार, फू, चामे र ताचे बगरछाप | १२ |

पाइयो । यार्सागुम्बाको संकलन सम्भाव्यता रहेको सीमित गा.वि.स.हरुमा संकलकको वर्षेनी बढ्दो भिड र त्यसबाट संकलन क्षेत्रमा पर्ने पर्यावरणीय असन्तुलनका कारण यार्सागुम्बाको दिगो उत्पादनमा चुनौती सृजना भएको पाइन्छ ।

५४. सर्वेक्षण केन्द्रका जिल्ला वन कार्यालयहरुबाट प्राप्त विगत ३ वर्षको यार्सागुम्बा संकलन परिमाणलाई तालिका ३.२ मा प्रस्तुत गरिएको छ । यार्सागुम्बाको संकलन परिमाण सम्बन्धी प्राप्त तथ्याङ्कले यसको संकलन वर्षेनी बढ्दै गएको देखाएको छ । वि.सं. २०६९ सालमा सर्वेक्षणमा समेटिएका केन्द्रहरुबाट कुल १२७६ के.जी. यार्सागुम्बा संकलन भएको थियो भने सो परिमाण वृद्धि भई वि.सं. २०७१ मा २२८८ के.जी. पुगेको छ । जिल्लागत रुपमा सबैभन्दा बढी डोल्पा जिल्लामा ३ वर्षको औसत ६७६ के.जी. संकलन भएको पाइयो । सो परिमाण कुल संकलन परिमाणको ३६ प्रतिशत हुन आउँदछ । त्यस्तै उत्पादन परिणामका आधारमा दोस्रो, तेस्रो, चौथो र पाँचौं स्थानमा क्रमशः दार्चुला (५४९ के.जी.) बझाङ्ग (३५० के.जी.), जुम्ला (१६१ के.जी.) र मनाङ्ग (१३९ के.जी.) जिल्लाहरु रहेका छन् ।

**तालिका ३.२: यार्सागुम्बाको संकलन परिमाण (के.जी.)**

| क्र.सं | वर्ष | बझाङ्ग | डोल्पा | मनाङ्ग | जुम्ला | दार्चुला | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | २०६९ | ३५० | ६३० | ९५ | २०१ | - | १२७६ |
| २. | २०७० | २७४ | ६४३ | १८० | ७७ | ८८७ | २०६१ |
| ३. | २०७१ | ४२५ | ७५५ | १४३ | २०५ | ७६० | २२८८ |
| | **औसत** | **३५०** | **६७६** | **१३९** | **१६१** | **५४९** | **१८७५** |
| | **अंश (%)** | १९ | ३६ | ७ | ९ | २९ | १०० |

*स्रोत: जिल्ला वन कार्यालयहरु*

## यार्सागुम्बा संकलन कार्य

५५. स्थलगत सर्वेक्षणमा कुल ५० जना यार्सागुम्बा संकलकबाट यार्सागुम्बा संकलनमा जानेहरुको संख्या, उनीहरुको व्यक्तिगत विवरण, संकलन अवधि, संकलनका लागि लाग्ने खर्च, यार्सागुम्बा संकलन कार्य अन्तर्गत यार्सागुम्बा संकलन गर्न जानेको प्रवृति, संकलन परिमाण र यार्सागुम्बाको आयका सम्बन्धमा प्रश्नावलीमार्फत् प्राप्त तथ्याङ्क तथा सूचनाको विश्लेषणका आधारमा देहाय वमोजिम नतिजा प्रस्तुत गरिएको छ ।

### संकलनमा जानेको संख्या

५६. यार्सागुम्बा संकलनका लागि वर्षेनी ठूलो संख्यामा हिमाली भेगका वासिन्दा संकलन स्थलतर्फ जाने गर्दछन् । स्थलगत सर्वेक्षणका क्रममा वि.स. २०७१ मा यार्सागुम्बा संकलनका लागि जिल्लावासी र वाहिरी जिल्लाबाट कति मानिसहरु यार्सागुम्बा संकलनका लागि संकलनस्थलतर्फ गएका थिए भन्ने प्रश्नको जवाफ मागिएको थियो । प्राप्त तथ्याङ्क अनुसार पाँच केन्द्रबाट डेढ लाखभन्दा बढी मानिसहरु यार्सागुम्बा संकलन कार्यका लागि गएको पाइयो (तालिका ३.३) । कुल संकलकमध्ये करीब एक तिहाई अंश बाहिरी जिल्लाबाट जाने गरेको पाइयो । यार्सागुम्बा संकलन गर्न प्रत्येक वर्ष बैशाखको पहिलो हप्ताबाट तयारी स्वरुप दुई/तीन महिनालाई पुग्ने खाद्य सामाग्री, लत्ताकपडा, आदि बन्दोवस्तीका सामान साथै लिएर सम्भव भएसम्म परिवारका विभिन्न उमेरका सदस्यहरु यार्सागुम्बा संकलन गर्न जाने गरेको

**तालिका ३.३: वि.स. २०७१ मा यार्सागुम्बा संकलनमा जानेहरुको संख्या**

| जिल्ला | जिल्लावासी | प्रतिशत अंश | बाहिर जिल्लाका वासी | प्रतिशत अंश | कुल संकलक संख्या |
|---|---|---|---|---|---|
| डोल्पा | ४०८०० | ७२ | १६२०० | २८ | ५७००० |
| मनाङ्ग | १२३७ | १८ | ५७६३ | ८२ | ७००० |
| जुम्ला | ९७०० | ३७ | १६५०० | ६३ | २६२०० |
| दार्चुला | १८९०० | ८६ | ३१०० | १६ | २२००० |
| बझाङ्ग | २५००० | ६३ | १५००० | ३८ | ४०००० |
| **कुल** | **९५६३७** | **६३** | **५६५६३** | **३७** | **१५२२००** |

*स्रोत: सर्वेक्षणमा सोधिएको प्रश्नको जवाफमा आधारित ।*

पाइन्छ । जिल्लामा कार्यरत कतिपय स्थानीय कर्मचारी तथा विद्यालय शिक्षक समेत वर्षमा एक/दुई महिनाको विदा लिएर यार्सागुम्बा टिप्न जाने गरेको देखिन्छ ।

**संकलकको व्यक्तिगत विवरण**

५७. सर्वेक्षणमा यार्सागुम्बा संकलकको व्यक्तिगत विवरण र संकलनमा संलग्न परिवार संख्याका बारेमा संकलकबाट प्राप्त प्रश्नावलीको जवाफका आधारमा संकलक परिवारमा औसत ७ जना सदस्यहरु रहेको पाइयो (तालिका ३.४) । त्यस्तै विगत ३ वर्षमा यार्सागुम्बा संकलन गर्न जाने परिवारको सदस्य संख्या बारेमा प्राप्त नतिजा अनुसार औसतमा २.५ जना परिवारका सदस्यहरु यार्सागुम्बा संकलनमा जाने गरेको देखिन्छ (तालिका ३.५) । जिल्ला सदरमुकाममा गरिएको अन्तरक्रियाबाट पनि यार्सागुम्बाको संकलन कार्यका लागि वृद्ध भन्दा केटाकेटीहरु तेजिलो आँखाका कारण बढी सक्षम हुने हुँदा कतिपय वासिन्दाहरुले यार्सागुम्बा संकलनकै लागि भएपनि बढी बच्चा जन्माउने चाहना गर्ने भएकोले परिवार संख्या बढ्न गएको राय प्राप्त भएको भयो ।

**तालिका ३.४: उत्तरदाता संकलकको व्यक्तिगत विवरण**


| क्र.सं. | विवरण | औसत् |
|---|---|---|
| १. | उमेर (औसत्) | ३० |
| २. | परिवार संख्या | ७ |
| ३. | वैवाहिक स्थिति | विवाहित |

**तलिका ३.५: संकलनमा संलग्न परिवार संख्या (औषत)**

| क्र.सं. | वर्ष | औसत |
|---|---|---|
| १. | २०६९ | २.३ |
| २. | २०७० | २.७ |
| ३. | २०७१ | २.६ |


५८. यार्सागुम्बा संकलन हुने जिल्लाहरुका अधिकांश घरपरिवारहरु वर्षमा दुई/तीन महिनाका लागि यार्सागुम्बा संकलन गर्न जाने र बाँकी समय कृषि, व्यापार, शिक्षण, पशुपालन, तथा विविध पेशामा संलग्न हुने गर्दछन् । यार्सागुम्बा संकलकलाई उनीहरुको पेशाका वारेमा सोधिएको प्रश्नको जवाफमा सबैभन्दा बढी ३३ प्रतिशत घरपरिवारको पेशा व्यापार व्यवसाय, ३१ प्रतिशतको कृषि, ७ प्रतिशतको शिक्षण, ३ प्रतिशतको पशुपालन र २६ प्रतिशत संकलकको पेशा अन्य वर्गमा रहेको पाइयो (चार्ट ३.१) । अन्य पेशा अन्तर्गत सानातिना होटल व्यवसाय, डोको नाम्लो बुन्ने घरेलु व्यवसाय तथा घर निर्माण गर्ने ज्यामी तथा गिट्टी कुट्ने कार्यहरु रहेका छन् । संकलक परिवार यार्सागुम्बाको नगद आम्दानीबाट जिल्ला सदरमुकाममा नयाँ घर निर्माण गरी विविध पेशामा संलग्न हुने गरेको देखिन्छ ।


**चार्ट ३.१: संकलकको पेशा**




**संकलन गर्न जाने प्रवृत्ति**

५९. विगत केही वर्षदेखि जिल्लाका वासिन्दा तथा अन्य जिल्लाबाट पनि ठूलो संख्यामा यार्सागुम्बा संकलन गर्न जाने प्रवृति बढदै गएको छ । यसै सन्दर्भमा सर्वेक्षणका क्रममा यार्सागुम्बा संकलकसँग उनीहरुको जिल्ला र जिल्लाभन्दा बाहिरका मानिसहरु संकलन कार्यका लागि जाने प्रवृति बढेको, उस्तै रहेको र घट्दो रहेको बारेमा प्रश्नावलीमार्फत् जानकारी लिइएको थियो । उत्तरदातामध्ये अधिकांशले यार्सागुम्बाको संकलनका लागि जिल्लाभित्रका वासिन्दा एवम् वाहिरी जिल्ला दुवैबाट मानिसहरु यार्सागुम्बा संकलन गर्न जाने प्रवृत्ति बढ्दो रहेको वताए (चार्ट ३.२ र चार्ट ३.३) ।




६०. यार्सागुम्बा संकलन कार्यबाट संकलकलाई छोटो अवधिमै बढी नगद आम्दानी प्राप्त हुने भएकोले जिल्लाका वासिन्दा र वाहिर जिल्लाबाट पनि ठूलो संख्यामा मानिसहरु यार्सागुम्बा संकलन कार्यका लागि जाने प्रवृत्ति बढ्ने गरेको अनुमान गर्न सकिन्छ ।

**संकलन अवधि**

६१. यार्सागुम्बा संकलन कार्य वर्षको एकपटक केही महिनाका लागि हुने मौसमी गतिविधि हो । यार्सागुम्बा संकलकसँग सर्वेक्षणका क्रममा उनीहरुले विगत ३ वर्षमा संकलन कार्यका लागि संकलनस्थलमा कति दिन विताउनु भयो भन्ने प्रश्नको जवाफमा प्राप्त नतिजा अनुसार संकलकले करीब ४५ दिन (डेढ महिना) सो कार्यका लागि विताउने गरेको पाइयो (तालिका ३.६) । साधारणतया: जेठ महिनाको शुरुदेखि असार महिनाको मध्यसम्म यार्सागुम्बा संकलनका लागि उपयुक्त समय रहेको जानकारी प्राप्त भयो । तर विगत केही वर्षदेखि कतिपय संकलकहरु यार्सागुम्बाको बैशाखको शुरुमै टिप्न जाने गर्दा आगामी वर्षहरुमा यार्सागुम्बाको उत्पादन घट्ने सम्भावना देखिन्छ । त्यसैले यार्सागुम्बा संकलन गर्न जानु पूर्व वैशाख महिनामा तयारीका सामानको कारोवारसँगै जिल्ला सदरमुकाममा आर्थिक गतिविधि बढने गरेको समेत् पाइन्छ ।

**तालिका ३.६: संकलनमा बिताएका दिन**

| क्र.सं. | वर्ष | औसत् दिन |
|---|---|---|
| १. | २०६९ | ४४.३ |
| २. | २०७० | ४४.३ |
| ३. | २०७१ | ४५.३ |

**संकलन खर्च**


६२. यार्सागुम्बा संकलकले हरेक वर्ष संकलनसँग सम्बन्धित विभिन्न प्रयोजनका लागि ठूलो धनराशी खर्च गर्ने गर्दछ । सर्वेक्षणमा यार्सागुम्बा संकलकलाई वि.सं. २०७१ मा संकलन अनुमति दस्तुर, खाना तथा वास र अन्य प्रयोजनका लागि गरेको खर्चको अंशका सम्बन्धमा प्राप्त नतिजा अनुसार संकलकले सबैभन्दा बढी ६८.७ प्रतिशत खाना तथा वासमा गरेको पाइयो । त्यस्तै, २३.९ प्रतिशत अन्य शीर्षक र ७.४ प्रतिशत अनुमति दस्तुरमा खर्च गर्ने गरेको पाइयो । अन्य शीर्षक अन्तर्गत औषधि उपचार, मनोरञ्जन तथा भरिया खर्च प्रमुख रहेका छन् ।

**तालिका ३.७: वि.सं. २०७१ मा संकलनको लागि परिवारको खर्च**

| क्र.सं. | विवरण | खर्च (रु. मा) | अंश (प्रतिशत) |
|---|---|---|---|
| १. | अनुमति दस्तुर (राजस्व) | १६०१० | ७.४ |
| २. | खाना तथा वास | १४९०३३ | ६८.७ |
| ३. | अन्य | ५१८९८ | २३.९ |

६३. यार्सागुम्बा संकलनका क्रममा संकलकले आफूसँग रहेको बचतका अलावा अन्य विविध स्रोतहरु प्रयोग गर्ने गर्दछन् । यार्सागुम्बा संकलकलाई सर्वेक्षणका क्रममा उनीहरुको खर्चको स्रोत जुटाउने माध्यमका बारेमा प्रश्नावलीमार्फत् जानकारी लिइएको थियो । नतिजा अनुसार सबैभन्दा बढी ५४ प्रतिशत संकलकले आफैसँग रहेको नगद मौज्दात प्रयोग गरी संकलनका लागि खर्च जुटाउने गरेको पाइयो । त्यस्तै, साहुसँग ऋण सापट लिएरमा २४ प्रतिशत, ठेकेदारबाट पेश्की लिएरमा ११ प्रतिशत र नातेदार वा साथीभाइसँग सरसापट लिएरमा पनि ११ प्रतिशत संकलकले यार्सागुम्बा संकलनका लागि खर्च जुटाउने गरेको देखियो ( चार्ट ३.४) ।

**चार्ट ३.४: संकलन खर्च जुटाउने श्रोत**




## संकलन परिमाण र आय

६४. स्थलगत सर्वेक्षणका क्रममा यार्सागुम्बा संकलकलाई उनीहरुले विगत ३ वर्षमा संकलन गरेको यार्सागुम्बाको परिमाण र सोबाट प्राप्त आयको बारेमा प्रश्नाबलीमार्फत् तथ्याङ्क संकलन गरिएको थियो । सर्वेक्षणको नतिजा अनुसार वि.सं. २०६९ मा प्रति परिवारले २४८ ग्राम यार्सागुम्बा संकलन गरेको पाइयो । प्रति परिवारको संकलन परिमाण वि.सं. २०७० मा ४ प्रतिशतले बढेर २५७ ग्राम पुग्यो । यद्यपि, वि.सं. २०७१ मा अघिल्लो वर्षको तुलनामा संकलन परिमाण २२ प्रतिशतले घटेर २०१ ग्राम कायम रहेको पाइयो (तालिका ३.८) । पछिल्ला वर्षहरुमा यार्सागुम्बाको संकलन परिमाण घट्नुमा यार्सागुम्बाको उत्पादनमा आएको गिरावट तथा संकलनका लागि जिल्ला तथा बाहिरी जिल्लाबाट आउने बढ्दो प्रवृत्ति बढी जिम्मेवार रहेको सरोकारवालाहरुसँगको अन्तरक्रियाका क्रममा व्यक्त भएको थियो ।

**तालिका ३.८: परिवारको संकलन परिमाण (ग्राम)**

| क्र.सं. | वर्ष | जम्मा परिमाण | औसत् परिमाण | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १. | २०६९ | १२४० | २४८ | - |
| २. | २०७० | १२८४ | २५७ | ४ |
| ३. | २०७१ | १००६ | २०१ | -२२ |

६५. यार्सागुम्बा संकलनको पर्याप्त सम्भाव्यता रहेका जिल्लाका अधिकांश स्थानीयवासीको मुख्य आयस्रोत यार्सागुम्बा विक्रीबाट प्राप्त आय नै हो । सर्वेक्षणका क्रममा यार्सागुम्बा संकलकलाई उनीहरुले विगत ३ वर्षमा यार्सागुम्बाको विक्रीबाट प्राप्त आम्दानीका सम्बन्धमा राखिएको प्रश्नको जवाफमा आधारित नतिजालाई तालिका ३.९ मा प्रस्तुत गरिएको छ । नतिजा अनुसार प्रति परिवार औसत आय बार्षिक रु.२ लाख ७७ हजार रहेको पाइयो । त्यस्तै प्रति परिवारको आयलाई संकलनमा संलग्न परिवारले भाग गरी प्राप्त हुने प्रति व्यक्ति औसत आय बार्षिक रु. १ लाख ३ हजार हुन जाने देखिन्छ । त्यस्तै, यार्सागुम्बा संकलकलाई प्रश्नावलीमार्फत् उनीहरुको यार्सागुम्बा वाहेक अन्य गतिविधिबाट कति आम्दानी हुन्छ भन्ने प्रश्नको जवाफमा उनीहरुको सो कार्यबाट प्रति व्यक्ति औसत आम्दानी बार्षिक रु. ८२ हजार हुने गरेको पाईयो । उक्त तथ्यांकलाई आधार


**तालिका ३.९: प्रति व्यक्ति/परिवारको औसत आय**

| क्र.सं. | विवरण | औसत आय बार्षिक (रु. लाखमा) |
|---|---|---|
| १ | प्रति परिवार आय | २.७७ |
| २ | प्रति व्यक्ति आय | १.०३ |
| ३ | यार्सागुम्बा वाहेक प्रति व्यक्ति आय | ०.८२ |

बनाउंदा संकलक परिवारको कुल आयमा यार्सागुम्बाबाट प्राप्त हुने आम्दानीको योगदान ५६ प्रतिशत हुने देखिन्छ ।

### आम्दानीको प्रयोग

६६. सर्वेक्षणका क्रममा यार्सागुम्बा संकलकलाई उनीहरुले यार्सागुम्बा संकलनबाट प्राप्त आम्दानीको प्रयोग कुन प्रयोगनका लागि गर्नु हुन्छ भन्ने प्रश्नको जवाफमा उनीहरुको आम्दानीको सबैभन्दा बढी हिस्सा खाद्यान्नमा (४६ प्रतिशत) प्रयोग हुने गरेको पाइयो भने खर्चको दोस्रो ठूलो हिस्सा शिक्षामा २२ प्रतिशत रहेको पाइयो । त्यस्तै स्वास्थ्य उपचार, व्यवसाय संचालन र अन्यतर्फ क्रमशः १० प्रतिशत, ९ प्रतिशत र १३ प्रतिशत अंश खर्च हुने गरेको पाइयो । यार्सागुम्बा संकलनको समयमा प्रमुख खाद्यान्न बाली लगाउन छाडेर धेरै वासिन्दाहरु यार्सागुम्बा संकलन कार्यका लागि जाने गरेकोले यासागुम्बा संकलनबाट प्राप्त आम्दानी नै उनीहरुको जीवन धान्ने प्रमुख स्रोतको रुपमा लिने गरिएको पाइन्छ ।


चार्ट ३.९: यार्सागुम्बाबाट भएको आम्दानीको प्रयोग


## यार्सागुम्बा विक्री वितरण

६७. स्थलगत सर्वेक्षणमा समावेश पाँच केन्द्रहरुका कुल २५ यार्सागुम्बा व्यापारीहरुमार्फत् यार्सागुम्बाको विक्री वितरणसँग सम्बन्धित प्रश्नावलीहरुमार्फत् तथ्याङ्क तथा जानकारी संकलन गरिएको थियो । यार्सागुम्बाको मूल्य निर्धारण प्रकृया र मूल्य प्रवृति, कारोवारका लागि पूँजीको स्रोत, यार्सागुम्बाको ढुवानी, विक्री तथा आम्दानी र माग तथा आपूर्तिको अवस्था जस्ता विषयमा केन्द्रीत रही प्रश्नावलीको निर्माण गरिएको थियो ।

### मूल्य निर्धारण प्रक्रिया र मूल्य प्रवृत्ति

६८. यार्सागुम्बाको मूल्य निर्धारण साधारणतयाः यार्सागुम्बाको प्रमुख मागकर्ता चिनियाँ व्यापारीले तिर्न चाहेको मूल्य र स्थानीय व्यापारी तथा काठमाडौं लगायतका ठूलो शहरका नेपाली व्यापारीले दिन चाहेको मूल्यको आधारमा हुने गरेको पाइन्छ । यसै सन्दर्भमा, स्थलगत सर्वेक्षणका क्रममा यार्सागुम्बा व्यापारीलाई मूल्य निर्धारणमा संलग्न पक्षहरुको वारेमा सोधिएको प्रश्नको नतिजा अनुसार ६८ प्रतिशत व्यापारीले मूल्य निर्धारण खरीदकर्ता र विक्रेताको आपसी समझदारीबाट हुने बताए भने १२ प्रतिशतले संकलनकर्ता आफैंले, १२ प्रतिशतले थोक व्यापारीले र ८ प्रतिशत व्यापारीले अन्य तरिकाबाट यार्सागुम्बाको मूल्य निर्धारण हुने बताए (तालिका ३.१०) । अतः स्थानीय व्यापारीले यार्सागुम्बाको खरीदको लागि काठमाडौंमा रहेका ठूला व्यापारीबाट केही रकम उधारोमा पाउने र केही रकम संकलनकर्तासँग उधारो राखी खरीद गर्ने गरेकोले मूल्य निर्धारणमा काठमाडौंका ठूला व्यापारी र चीनका व्यापारीले कार्टेलिङ्ग मार्फत् मूल्यमा प्रभाव पार्ने गरेको स्थानीय व्यापारीको राय प्रतिक्रिया रहेको छ ।

**तलिका ३.१०: मूल्य निर्धारण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | संकलनकर्ता आफैंले | ३ | १२ |
| २. | थोक व्यापारीले | ३ | १२ |
| ३. | खरीदकर्ता र विक्रेताको आपसी समझदारी | १७ | ६८ |
| ४. | अन्य | २ | ८ |
| ५. | जम्मा | २५ | १०० |


६९. यार्सागुम्बाको मूल्यमा उच्च उतारचढाब हुने गर्दछ । सर्वेक्षणमा यार्सागुम्बा व्यापारीद्वारा विगत तीन वर्ष (वि.सं. २०६९ देखि २०७१ सम्म) मा कायम गरेको यार्सागुम्बाको मूल्य प्रवृत्तिलाई तालिका ३.११ मा प्रस्तुत गरिएको छ । व्यापारीबाट प्राप्त तथ्याङ्क अनुसार २०६९ मा प्रति के.जी. यार्सागुम्बाको मूल्य औसत १३ लाख ६७ हजार कायम रहेको पाइयो । त्यस्तै वि.सं. २०७० मा सो मूल्य अघिल्लो वर्षको तुलनामा २१.९ प्रतिशतले वृद्धि भई औसत रु. १६ लाख २१ हजार कायम भएको पाइयो । तथापि, २०७१ मा यार्सागुम्बाको मूल्य अघिल्लो वर्षको तुलनामा केवल २.१ प्रतिशतले वृद्धि भई रु. १६ लाख ५१ हजार कायम भएको पाइयो । यसरी पछिल्ला वर्षहरुमा यार्सागुम्बाको मूल्य कम दरले वृद्धि हुनुमा यार्सागुम्बाका स्थानीय, ठूलो र चिनियाँ व्यापारीहरुको कार्टेलिङ्ग प्रमुख जिम्मेवारी रहेको अन्तरक्रियाको प्रतिक्रिया थियो ।

**तालिका ३.११: औसत मूल्य प्रवृत्ति (प्रति के.जी)**

| वर्ष | मूल्य (रु.लाखमा) | प्रतिशत परिवर्तन |
|---|---|---|
| २०६९ | १३.६७ | - |
| २०७० | १६.२१ | २१.९ |
| २०७१ | १६.५१ | २.१ |
| औसत | १५.४६ | |

### पूँजीको स्रोत

७०. सर्वेक्षणका क्रममा यार्सागुम्बा व्यापारीलाई उनीहरुले कारोवारका लागि पूँजीको स्रोत जुटाउने माध्यमका वारेमा प्रश्नावली मार्फत् जानकारी लिइएको थियो । नतिजाले यार्सागुम्बा व्यापारीमध्ये ४० प्रतिशतले बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण तथा सापटी लिएर, २० प्रतिशत आफ्नै वचतबाट, १७ प्रतिशतले छर/छिमेकीबाट र २३ प्रतिशतले अन्य स्रोतबाट यार्सागुम्बा कारोवारका लागि पूँजीको स्रोत जुटाउने गरेको देखायो (तालिका ३.५) । अतः यार्सागुम्बा व्यापारीले आफ्नो कारोवारको लागि अझै पनि बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिई स्रोत जुटाउने प्रवृति कम रहेको पाइयो ।




### ढुवानी

७१. यार्सागुम्बा व्यापारीले संकलनस्थलबाट जिल्ला सदरमुकाम र त्यहाँबाट काठमाडौंसम्म यार्सागुम्बाको ढुवानीका लागि सुरक्षा चुनौतीलाई मध्यनजर गरी छिटो-छरितो ढुवानीका साधन प्रयोग गर्न चाहन्छन् । यसै सन्दर्भमा, स्थलगत सर्वेक्षणमा यार्सागम्बा व्यापारीलाई उनीहरुले प्रयोग गर्ने ढुवानीको माध्यमका वारेमा प्राप्त प्रश्नावलीको जवाफका आधारमा ३२ प्रतिशत व्यापारीले हवाइजहाज, २६ प्रतिशतले हेलिकप्टर, १९ प्रतिशतले भरिया, १३ प्रतिशतले परिवहन र १० प्रतिशतले उनीहरु स्वयम्ले ढुवानी गर्ने गरेको पाइयो (तालिका ३.१२) । व्यापारीहरुले ठूलो परिमाणको संकलित यार्सागुम्बा चोरी, डकैति, लुटपाट जस्ता जोखिमलाई दृष्टिगत गरी बढी लागत लाग्ने भएतापनि हवाईजहाज तथा हेलिकप्टरजस्ता महँगा ढुवानीका साधनहरुको प्रयोग गर्ने गरेको पाइन्छ ।

**तालिका ३.१२: यार्सागुम्बा ढुवानीको माध्यम**

| क्र. सं. | ढुवानीका साधन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भरिया/खच्चर | ६ | १९ |
| २ | बस/परिवहन साधन | ४ | १३ |
| ३ | हवाइजहाज | १० | ३२ |
| ४ | हेलिकप्टर | ८ | २६ |
| ५ | आफैं वा परिवारबाट | ३ | १० |
| | जम्मा | ३१ | १०० |

**बिक्री तथा आम्दानी**

७२. यार्सागुम्बाको बिक्री वितरण तथा त्यसबाट प्राप्त आम्दानीका सम्बन्धमा स्थलगत सर्वेक्षणमा यार्सागुम्बा व्यापारीलाई उनीहरुले यार्सागुम्बा खरिद तथा विक्रीका लागि बैंक चेक, नगदमै र खाद्यान्न अथवा उपभोग्य सामानहरुमध्ये कुन साधन बढी प्रयोग गर्नु हुन्छ भनि सोधिएको प्रश्नको जवाफको नतिजाको आधारमा ८६ प्रतिशत व्यापारीले नगदमा, ९.४ प्रतिशत बैंकको चेकमा र ४.६ प्रतिशत खाद्यान्न र उपभोग्य सामानमा यार्सागुम्बा खरिद गर्ने गरेको पाइयो । त्यस्तै बिक्रीतर्फ ७१.९ प्रतिशत नगदमा, २७.३ प्रतिशत बैंक चेकमा र बाँकी ०.८ प्रतिशत खाद्यान्न र उपभोग्य सामानमा गर्ने गरेको व्यापारीको अनुभव रह्यो (तालिका ३.१३) । खरीद र बिक्री दुवैका लागि बैंक चेकको कम प्रयोग हुनुले बैंक तथा वित्तीय संस्थाको न्यून उपस्थिति तथा अनौपचारिक कारोवारको अवस्थालाई इंगित गर्दछ ।

**तालिका ३.१३: खरीद/विक्रीको माध्यम**

| (क) | खरीद | प्रतिशत |
|---|---|---|
| १. | बैंकको चेकबाट | ९.४ |
| २. | नगद | ८६.० |
| ३. | खाद्यान्न र उपभोग्य समान | ४.६ |
| (ख) | बिक्री | |
| १. | बैंकको चेकबाट | २७.३ |
| २. | न्गद | ७१.९ |
| ३. | खाद्यान्न र उपभोग्य समान | ०.८ |

७३. सर्वेक्षणका क्रममा यार्सागुम्बा व्यापारीबाट उनीहरुले विगत ३ वर्षमा खरीद गरेको यार्सागुम्बाको परिमाण, खरीद मूल्य र विक्री मूल्यको प्रवृति सम्बन्धी तथ्याङ्क लिइएको थियो । तालिका ३.१४ मा प्रस्तुत उक्त तथ्याङ्कले यार्सागुम्बा व्यापारीको खरिद परिमाण क्रमशः घट्दै गएको देखाउँदछ । वि.सं. २०६९ मा यार्सागुम्बा व्यापारीले औसत् १३.४७ के.जी. यार्सागुम्बा खरीद गरे भने तत्पश्चात खरिद परिमाण क्रमिक रुपमा घट्दै २०७१ मा उक्त परिमाण ११.०२ के.जी.मा सीमित भयो । यसरी यार्सागुम्बाको खरीद परिमाण घट्दै जानुमा एकातर्फ यार्सागुम्वाको उत्पादनमा आएको ह्रासलाई लिन सकिन्छ भने अर्कोतर्फ यसले यार्सागुम्बाको अनौपचारिक कारोवारको वृद्धिलाई प्रतिविम्बित गर्दछ ।

**तालिका ३.१४: यार्सागुम्बाको विक्री तथा आम्दानी (रु. लाखमा)**


| वर्ष | खरिद परिमाण (के.जी.) | यार्सागुम्बाको मूल्य (प्रति के.जी) | | यार्सागुम्बा व्यापारीको आम्दानी /खर्च | | खुद नाफा/नोक्सान |
|---|---|---|---|---|---|---|
| | | खरिद | विक्री | कुल खर्च | कुल आम्दानी | |
| २०६९ | १३.४७ | १२.२५ | १३.६७ | १६५.०४ | १८४.१४ | १९.१० |
| २०७० | ११.७७ | १५.४७ | १६.२१ | १८२.०२ | १९०.६८ | ८.६६ |
| २०७१ | ११.०२ | १५.४६ | १६.५१ | १७०.३३ | १८२.०३ | ११.५५ |
| औसत | १२.०९ | १४.३९ | १५.४६ | १७२.५१ | १८५.६२ | १३.१० |

७४. त्यस्तै, यार्सागुम्बाको खरिद मूल्य समीक्षा अवधिको पहिलो दुई वर्षमा बढ्दै गएको पाइन्छ भने तेस्रो वर्ष सो मूल्य बढ्न सकेको पाइँदैन । यद्यपि, उक्त अवधिमा विक्री मूल्य भने क्रमिक रुपमा बढ्दै गएको पाइन्छ । यसरी एकातर्फ यार्सागुम्बा व्यापारीहरुले संकलकलाई प्रदान गर्ने खरीद मूल्य बढाउन नसकेको तर विक्री गर्दा बढी मूल्य लिने गरेकोले उनीहरुको खुद मुनाफा बढ्न गएको पाइन्छ ।


७५. सर्वेक्षणबाट प्राप्त खरिद र विक्री मूल्यका आधारमा व्यापारीहरुको कुल आम्दानी तथा खर्च र सो मार्फत् उनीहरुको खुद नाफा/नोक्सानको स्थिति आंकलन गर्न सकिन्छ । यार्सागुम्बा व्यापारीले वि.सं. २०६९ देखि २०७१ सम्म औसतमा १२.१ के.जी. यार्सागुम्बा प्रति के.जी. औसत रु. १४ लाख ३९ हजारका दरमा खरीद गर्दा उनीहरुलाई रु. १ करोड ७२ लाख ५१ हजार कुल खर्च लागेको पाईयो । खरीद गरेको उक्त यार्सागुम्बा प्रति के.जी. रु. १५ लाख ४६ को दरले विक्री गर्दा उसलाई कुल रु. १ करोड ८५ लाख ६२ हजार आम्दानी हुने गरेको पाईयो । उक्त कुल खर्च र कुल आम्दानीका आधारमा एक यार्सागुम्बा व्यापारीले रु. १३ लाख १० हजार खुद आम्दानी गर्ने गरेको पाइयो । यसरी यार्सागुम्बा व्यापारीको खुद नाफा बढ्नुमा संकलकले यार्सागुम्बाको उच्च मूल्य प्राप्त गर्न नसक्नु पनि जिम्मेवार रहेको पाइन्छ ।

### माग तथा आपूर्तिको अवस्था

७६. यार्सागुम्बाको माग र आपूर्तिको अवस्थाले यसको मूल्य निर्धारणमा भूमिका खेल्दछ । स्थलगत सर्वेक्षणका क्रममा यार्सागुम्बा संकलक, व्यापारी, जिल्ला विकास समिति, जिल्ला वन कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ र राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रका प्रतिनिधि लगायतका कुल ९१ जना उत्तरदाताबाट यस क्षेत्रमा यार्सागुम्बाको माग तथा आपूर्ति बढेको, उस्तै रहेको र घटेको सम्बन्धमा प्रश्नावलीमार्फत् सूचना तथा जानकारी लिइएको थियो । कूल उत्तरदातामध्ये ७४ प्रतिशत उत्तरदाताले यार्सागुम्बाको माग बढेको बताए भने अधिकाश उत्तरदाताले यार्सागुम्बाको उत्पादन (संकलन) घटेको बताए (चार्ट ३.६, ३.७) ।




७७. यार्सागुम्बाको मागमा आएको वृद्धि सँगसँगै उत्पादनमा आएको क्रमिक गिरावटका कारण यार्सागुम्बाको मूल्यमा दबाव पर्ने आंकलन गर्न सकिन्छ । अत: यार्सागुम्बाको उत्पादनलाई भविष्यमा दिगो बनाउन नसक्ने हो भने यसको मूल्य अभिवृद्धि हुने देखिन्छ । यससँगै यार्सागुम्बामा मात्र धेरै निर्भर हुँदा भोलि यार्सागुम्बाको मागमा वा उत्पादनमा तीव्र कमी आएमा स्थानीयवासीको जीविकोपार्जनमा ठूलो समस्या पर्नसक्ने देखिन्छ ।





## यार्सागुम्बाले पारेको आर्थिक प्रभाव

७८. यार्सागुम्बाको उत्पादन, संकलन तथा विक्री वितरणले हिमाली जिल्लाका वासिन्दाहरुको आर्थिक प्रभावमा देखिएको परिवर्तनको अवस्था थाहा पाउन स्थलगत सर्वेक्षणमा यार्सागुम्बा संकलक, व्यापारी, जिल्ला विकास समिति, जिल्ला वन कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ र राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रका प्रतिनिधि लगायतका कुल ९३ जना उत्तरदाताहरुबाट सूचना तथा जानकारी संकलन गरिएको थियो । आर्थिक प्रभाव अन्तर्गत आय आर्जन, रोजगारी, पूर्वाधार विकास लगायत पर्यटन, होटल, कृषि र बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार बढेको, उस्तै रहेको तथा घटेको जस्ता प्रश्नावलीबाट प्राप्त जानकारीको विश्लेषण गरिएको छ ।

### आय आर्जन

७९. यार्सागुम्बाको संकलन तथा विक्री वितरणसम्बन्धी क्रियाकलापले हिमाली जिल्लाका वासिन्दाहरुको आम्दानीमा योगदान पुऱ्याएको छ । स्थलगत सर्वेक्षणमा समावेश ९३ उत्तरदातालाई यार्सागुम्बाको संकलन तथा विक्रीका कारण त्यस भेगका वासिन्दाहरुको आम्दानीको अवस्था बढेको, उस्तै रहेको र घटेको छ भन्ने प्रश्नको जवाफमा अधिकांश उत्तरदाता (९० प्रतिशत) ले यार्सागुम्बाको संकलन कार्यसँगै जिल्लाका वासिन्दाको आम्दानीको अवस्था बढ्दो रहेको नतिजा प्राप्त भयो (चार्ट



३.८) । अतः यार्सागुम्बाको कारोवारले हिमाली जिल्लाको गरिवी निवारण तथा समावेशी विकासमा समेत मद्यत पुग्न जाने देखिन्छ ।

**रोजगारी**


८०. यार्सागुम्बा संकलन तथा विक्री वितरण कार्यले हिमाली जनतालाई वर्षेनी छोटै अवधिका लागि भएपनि रोजगारी सिर्जना गर्दछ । यार्सागुम्बासँग सम्बन्धित गतिविधिबाट उक्त क्षेत्रका वासिन्दाहरुको रोजगारीको अवस्थामा भएको परिवर्तनका सम्बन्धमा सर्वेक्षणका क्रममा उत्तरदाताबाट प्राप्त जानकारी अनुसार ८७ प्रतिशत उत्तरदाताले यार्सागुम्बाको संकलन तथा विक्री वितरणका कारण रोजगारीको अवस्था बढेको बताए (तालिका ३.१५) । त्यस्तै संकलकका गा.वि.स.का कति प्रतिशत वयस्क युवाहरु यार्सागुम्बा संकलन गर्ने मौसममा संकलनका लागि पाटनतर्फ जाने गरेका छन् भन्ने प्रश्नको जवाफमा करीव ७१ प्रतिशत वयस्क यार्सागुम्बा संकलन गर्ने मौसममा सो कार्यका लागि पाटनतर्फ जाने गरेको प्राप्त सवेक्षणको नतिजाले पनि यार्सागुम्बाको संकलन तथा विक्री वितरण कार्यले रोजगारी सृजनामा योगदान गरेको पुष्टी हुन्छ । हिमाली वासिन्दाहरुले यार्सागुम्बा वाहेक अन्य आयमुलक रोजगारीको लागि वर्षमा करीव ८ महिना बिताउने गरेको तथ्यले यार्सागुम्बा संकलन तथा विक्री वितरणले रोजगारीमा मौसमी प्रभाव विद्यामान रहेको देखाउँदछ ।

**तालिका ३.१५: रोजगारीको अवस्था**

| परिवर्तन | बढेको | उस्तै | घटेको | जम्मा |
|---|---|---|---|---|
| **संख्या** | ८१ | ७ | ५ | ९३ |
| **प्रतिशत** | ८७ | ८ | ५ | १०० |

८१. यार्सागुम्बाको संकलन तथा विक्री वितरणका कारण हिमाली जिल्लाबाट वैदेशिक रोजगारीमा जाने युवाको संख्यामा भने स्थलगत सर्वेक्षणको नतिजाबाट खासै परिवर्तन आएको पाइएन । नतिजा अनुसार ४१ प्रतिशत उत्तरदाताले रोजगारीका लागि विदेशी जाने प्रवृति उस्तै रहेको, ३९ प्रतिशतले बढेको र २० प्रतिशतले घटेको जावाफ दिए । यार्सागुम्बा संकलन तथा विक्री वितरण कार्यले वर्षमा केवल ३/४ महिनामात्र रोजगारीको अवसर सृजना गर्ने र बाँकी ८/९ महिना अन्य गतिविधि सन्चालन गर्नु पर्ने भएकोले यसलाई स्थायी रोजगारी प्रदान गर्ने पेशाका रुपमा रुपान्तरण गर्न नसकिएकोले रोजगारीका लागि युवाहरु विदेश जाने क्रम घट्न सकेको पाइदैन । तर हालका वर्षहरुमा संकलन तथा विक्री वितरणमा आकर्षण बढदै गएसँगै पर्यटन आगमन, होटल व्यवसाय, बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति जस्ता आर्थिक गतिविधिहरुको विस्तारबाट रोजगारीका अवसरहरु सृजना हुने क्रम बढेको पाइन्छ । यार्सागुम्बाको संकलनबाट राम्रो आम्दानी हुन थालेयता रोजगारीको लागि स्थानीय वासिन्दा भारततर्फ जाने प्रवृत्तिमा भने कमी आएको अन्तरक्रियाका क्रममा व्यक्त भयो । मुलतः भारतमा रोजगारीका लागि गएका कतिपय स्थानीय वासिन्दाहरु यार्सागुम्बा संकलन मौसममा समय मिलाएर संकलन कार्यमा संग्लन हुने गरेको पनि पाइन्छ ।


चार्ट ३.१०: रोजगारीका लागि विदेशी जानेको संख्या





**पूर्वाधार**


८२. विगत केही वर्षदेखि यार्सागुम्बाका संकलन, विक्री तथा वितरण जस्ता गतिविधिका कारण हिमाली क्षेत्रको बाटोघाटो, विद्यालय तथा नयाँ घरनिर्माण जस्ता पूर्वाधारका क्षेत्रहरुमा भएको परिवर्तनका सम्बन्धमा स्थलगत सर्वेक्षणका क्रममा प्रश्नावलीमार्फत् जानकारी लिइएको थियो । सर्वेक्षणमा संलग्न ९३ उत्तरदातामध्ये ६१ प्रतिशत उत्तरदाताले वाटोघाटोको विकास तथा विस्तार उस्तै रहेको वताए भने ३४ प्रतिशतले

चार्ट ३.११: बाघाटोको विकास विस्तार (प्रतिशतमा)



बढेको र ४ प्रतिशतले सोको अवस्था उस्तै रहेको वताए (चार्ट ३.११)। त्यस्तै विद्यालयको संख्या विस्तारका बारेमा ५२ प्रतिशत उत्तरदाताले विद्यालयको संख्या बढेको, ४७ प्रतिशतले उस्तै रहेको भने केवल १ प्रतिशतले घटेको बताए (चार्ट ३.१२) । नयाँ घर निर्माणका सम्बन्धमा अधिकांश उत्तरदाताबाट (९० प्रतिशत)बाट नयाँ घर निर्माण गर्ने क्रम बढेको पाइयो (चार्ट ३.१३) ।










८३. यार्सागुम्बाको संकलन तथा बिक्री वितरणबाट प्राप्त आम्दानीको प्रभाव विशेष गरी जिल्ला सदरमुकाममा बसाइसराई, जग्गा खरीद/विक्री तथा नयाँ घर निर्माणमा पर्ने गरेको देखियो । पूर्वाधार निर्माणमा स्थानीय निकाय, जनसहभागिता तथा स्थानीय क्लबहरुको सहभागिता समेत हुने गरेको पाइयो । सदरमुकामदेखि यार्सागुम्बा संकलन हुने पाटनहरुसम्म कच्ची तथा गोरेटो बाटोको निर्माण कार्यका लागि स्थानीय क्लवहरुले पनि सक्रिय भूमिका खेल्ने गरेको पाइन्छ ।

**आर्थिक क्रियाकलाप**


८४. स्थलगत सर्वेक्षणको क्रममा यार्सागुम्बाको संकलन तथा विक्री वितरणको बढ्दो आकर्षणसँगै हिमाली जिल्लाहरुमा होटल तथा पर्यटन व्यवसाय, बैकिङ तथा वित्तीय सेवा तथा कृषि उत्पादन लगायतका विविध आर्थिक क्रियाकलापमा भएको परिवर्तनको अवस्थाका सम्बन्धमा सर्वेक्षणका उत्तरदाताबाट प्राप्त जवाफको नतिजालाई चार्ट ३.१४ देखि ३.१७ मा प्रस्तुत गरिएको छ । होटल व्यवसायमा भएको परिवर्तनका सम्बन्धमा अधिकांश (९० प्रतिशत) उत्तरदाताले सो व्यवसाय बढेको अनुभव गरेको पाइयो । त्यस्तै, पर्यटन आगमनका सम्बन्धमा ४८ प्रतिशतले पर्यटन आउने क्रम बढेको, ४८ प्रतिशतले उस्तै रहेको र ५ प्रतिशतले पर्यटन आगमन घटेको अनुभव गरेको पाइयो । कुल उत्तरदातामध्ये ८२ प्रतिशतले बैंक तथा वित्तीय संस्थाको उपस्थिति बढेको, १६ प्रतिशतले उस्तै रहेको र २ प्रतिशतले सो संख्या घटेको बताए ।





चार्ट ३.१६ः बैंक वित्तीय संस्थाको विस्तार (प्रतिशतमा)



चार्ट ३.१७ः कृषि उत्पादन (प्रतिशतमा)

८५. यार्सागुम्बाको अधिक सम्भावना रहेका हिमाली जिल्लाका वासिन्दा विगत केही वर्षदेखि कृषिको सट्टा यार्सागुम्बातर्फ बढी आकर्षित देखिएको कारण कृषि उत्पादनमा यसको प्रभाव पर्न सक्दछ । स्थलगत सर्वेक्षणका क्रममा उत्तरदातालाई कृषि उत्पादनको अवस्था बढेको, उस्तै रहेको र घटदै गएको सम्बन्धी जानाकारी प्रश्नावलीमार्फत् लिइएको थियो । कृषि उत्पादनमा भएको परिवर्तन सम्बन्धी सर्वेक्षणको नतिजा अनुसार कुल उत्तरदातामध्ये ५६ प्रतिशतले कृषि उत्पादन घटेको अनुभव गरे भने २८ प्रतिशतले उस्तै रहेको र १६ प्रतिशतले यस्तो उत्पादन घटेको अनुभव गरे । यार्सागुम्बा संकलन गर्ने मौसम बैशाखदेखि असार महिनामा कतिपय गा.वि.स.का अधिकांश वासिन्दा यार्सागुम्बा संकलनमा जाने हुँदा ती गा.वि.स.मा सो अवधिमा कृषि उत्पादनमा कमी आएको देखिन्छ । प्रत्येक वर्ष जिल्लाका एवम् बाहिरी जिल्लाबाट यार्सागुम्बा टिप्न जाने मानिसहरुको ओइरो बढ्ने क्रमसँगै पशुपालन अन्तर्गत खच्चर व्यवसाय भने फस्टाउदै गएको राय व्यक्त भयो ।

## यार्सागुम्बाको दिगो व्यवस्थापनमा देखिएका चुनौती

८६. स्थलगत सर्वेक्षणको क्रममा पाँच वटै केन्द्रका यार्सागुम्बा संकलक तथा व्यापारी लगायत जिल्ला वन कार्यालय, जिल्ला विकास समिति, जिल्ला उद्योग वाणिज्य संघका प्रतिनिधिहरुसँग छलफल समेत् गरिएको थियो । त्यस्तै उक्त केन्द्रका जिल्ला सदरमुकाममा अनुसन्धान विभागका कार्यकारी निर्देशक/निर्देशकको संयोजकत्वमा उद्योग वाणिज्य संघ, बैंक तथा वित्तीय संस्था, स्थानीय प्रशासन एवम् निकायहरु, जिल्ला वन कार्यालय, इलाका वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, शिक्षक, पत्राकार, सामाजिक परिचालक र अन्य सरोकारवालाहरुका प्रतिनिधिहरुसँग अन्तरक्रिया कार्यक्रम समेतको आयोजना गरिएको थियो । अन्तरक्रियाबाट यार्सागुम्बाको अव्यवस्थित संकलनबाट सृजना भएका सामाजिक, आर्थिक, सुरक्षा तथा पर्यावरणीय चुनौतीहरु, यार्सागुम्बाको अनौपचारिक कारोवारको अवस्था तथा यार्सागुम्बाको संकलन तथा विक्री वितरणलाई दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा यसको योगदान अझ बढाउन चाल्नुपर्ने कदमहरु लगायतका विषयमा जानकारी हासिल गरिएको थियो ।

### सामाजिक व्यवहार

८७. अन्तरक्रियाका क्रममा यार्सागुम्बाको संकलन तथा विक्री वितरणमा संलग्न वासिन्दाहरुको आय आर्जनमा भएको बढोत्तरीसँगै मादक पदार्थको सेवन र जुवातास खेल्ने प्रवृत्ति बढेको प्रतिक्रिया पाइयो । यसप्रकार यार्सागुम्बाबाट प्राप्त आम्दानी उत्पादनशील गतिविधिमा लगानी गर्नुको सट्टा रमझममा एवम् जुवातास र खानपिनमै बढी खर्च गर्नाले भविष्यमा यार्सागुम्बाको मागमा वा उत्पादनमा तीव्र कमी आएमा स्थानीयवासीको जीविकोपार्जनमा ठूलो समस्या पर्न सक्ने देखिन्छ । यार्सागुम्बा संकलनका लागि कतिपय गा.वि.स.का घरपरिवारले यार्सागुम्बा संकलनकै लागि भएपनि बढी बच्चा जन्माउने प्रवृतिसँगै हिमाली जिल्लाको जनसंख्या उच्च दरले वृद्धि हुने सम्भावना रहेको पाइन्छ । यार्सागुम्बाको आय आर्जनले सदरमुकाम झरी नयाँ घर बनाउने प्रवृत्तिले नयाँ विस्तारित वस्ती व्यवस्थित नहुँदा यसले व्यवस्थित

शहरीकरणको प्रक्रियालाई प्रतिकूल प्रभाव पार्नुको साथै दिगो विकासको अवधारणालाई समेत चुनौती दिने देखिन्छ ।

**शिक्षामा प्रभाव**

८८. हिमाली जिल्लाका स्कूल जाने विद्यार्थी तथा पठनपाठन गर्ने शिक्षक समेत यार्सागुम्बा टिप्ने मौसममा करीब दुई/तीन महिनाका लागि स्कूलहरु नै बन्द गरी यार्सागुम्बा संकलन गर्न जाने प्रवृत्तिका कारण प्रत्यक्ष रुपमा बालबालिकाको पठनपाठनमा प्रतिकूल असर पर्ने गरेको राय प्रतिक्रिया पाइयो । संकलनका क्रममा यार्सागुम्बा चिन्न ज्यादै कठिन हुने र यस्तो कामका लागि वृद्ध भन्दा केटाकेटीहरुको तेजिलो आँखाका कारण बढी सक्षम हुने भएकोले स्कूल जाने बालबालिकाहरु उल्लेख्य संख्यामा यार्सागुम्बा संकलनमा सामेल हुने गरेको पाइयो । यसबाट तत्कालका लागि परिवारको आयमा बृद्धि भएतापनि बालबालिकाको भविष्य खतरामा पर्न जाने देखिन्छ ।

**स्वास्थ्य अवस्थामा प्रभाव**

८९. हिमाली क्षेत्रको चिसो मौसमले यार्सागुम्बा संकलनमा जाने मानिसको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने गरेको राय अन्तरक्रियामा व्यक्त भएको थियो । यार्सागुम्बाको प्रलोभनमा दम, वाथ, ब्लडप्रेसर लगायतका स्वास्थ्य सम्वन्धी समस्याहरु भएका मानिसहरुपनि उच्च हिमाली भेगमा संकलनका लागि जाँदा उनीहरुको स्वास्थ्य स्थिति थप गम्भीर हुन पुगेको देखिन्छ । संकलन कार्यका लागि धेरै बालबालिकाहरु समेत प्रयोग हुने प्रवृत्ति देखिएकोले एकातर्फ बालअधिकार हनन् हुन गएको छ भने अर्कोतर्फ बालबालिकाको स्वास्थ्यमा समेत चुनौती सृजना भएको छ । धार्मिक तथा सामाजिक आस्थाका कारण महिला संकलकहरुको स्वास्थ्यमा नकारात्मक असर (मासिकी रोक्न गर्ने प्रयास, त्यस स्थानमा महिलाको मासिकी भएमा नराम्रो मानिने प्रचलन) पर्ने गरेको समेत छलफलका क्रममा उठेको थियो ।

**पर्यावरणीय समस्या**

९०. यार्सागुम्बा संकलनका क्रममा संकलनस्थलमा निर्माण गरिएका अस्थायी वासस्थानबाट उत्सर्जित वस्तुहरुको समुचित व्यवस्थापन गर्न नसक्दा पर्यावरणमा नकारात्मक प्रभाव पर्ने गरेको छलफलको निष्कर्ष थियो । स्थानीय वासिन्दा तथा क्लवहरुको सक्रिय सहभागितामा यार्सागुम्बा टिप्ने पाटनहरुमा पर्यावरणीय समस्या पर्न नदिन संकलन कार्यलाई व्यवस्थित गर्ने कार्यमा सहभागी हुने गरेको राय व्यक्त भएको थियो । उपयुक्त औजार प्रयोग नगरी जमिन खोस्रने, दाउराको लागि जडिवुटीका रुखहरुको फडानी गर्ने तथा आगजनी गर्ने जस्ता गतिविधिहरुले पर्यावरणमा प्रतिकूल असर पर्ने गरेको पाइयो । परिणामस्वरुप यार्सागुम्बाको उत्पादनमा समेत नकारात्मक प्रभाव परेको राय प्रतिक्रिया पाइयो । हजारौंको संख्यामा संकलकहरु वनक्षेत्रभित्र प्रवेश गरी दुई-तीन महिनासम्म टेन्ट गाडेर बस्दा वन तथा निकुञ्ज क्षेत्रको वातावरणमा नकारात्मक असर पर्ने गरेको पाइयो । अस्थायी वासस्थान निर्माण तथा आगो वाल्ने दाउराका लागि रुख काट्ने प्रवृत्तिले वनफडानीमा वृद्धि भएको पाइन्छ । त्यस्तै संकलकहरुले यार्सागुम्बा टिप्न जाँदा लगेका प्लाष्टिक तथा सिसाजन्य फोहोरको समुचित व्यवस्थापन नगरी जथाभावी फाल्ने गर्दा वन्यजन्तुको वासस्थान खल्बलिन पुगेको देखिन्छ । यार्सागुम्बा बन्ने लार्भाको प्रमुख आहाराको रुपमा रहेको सुनबुकी भन्ने झार वनफडानी, फोहोरमैला तथा घोडा/खच्चरको दिसापिसाबको कारण लोपोन्मुख हुदै गइरहेको देखिन्छ । फलस्वरुप भविश्यमा यार्सागुम्बाको उत्पादनमा समेत कमी आउने सम्भावना रहेको छ ।

**शान्ति सुरक्षामा चुनौती**

९१. यार्सागुम्बाको संकलनका क्रममा पाटनहरुमा देखिएको टड्कारो समस्या भनेको शान्ति सुरक्षाको विग्रँदो स्थिति र बढदो झै-झगडा तथा द्वन्द्व रहेको अन्तरक्रियाका क्रममा राय तथा सुझाव पाइयो । यार्सागुम्बा टिप्न जाने विभिन्न समूहवीच बेलाबेलामा झै-झगडा हुने गरेकोले कहिलेकाँहि झगडाले हिंसात्मक रुप

लिँदा मानिसहरुको ज्यानै समेत जाने गरेको सुनिन गएको छ । संकलित यार्सागुम्बा खरीद विक्री प्रयोजनका लागि असुरक्षित नगद कारोवारले शान्ति सुरक्षामा चुनौती थपेको छ ।

**अनौपचारिक कारोवार**

९२. जिल्ला वन कार्यालय, जिल्ला उद्योग वाणिज्य संघ, जिल्ला विकास समिति तथा व्यापारी तथा संकलकका प्रतिनिधिहरुको अनुभवमा यार्सागुम्बाको अनौपचारिक कारोवारको अंश करीब २५ देखि ३० प्रतिशतसम्म रहेको राय प्राप्त भयो । उदाहरणका लागि डोल्पाबाट हुने यार्सागुम्बाको कारोवार अधिकांश स्थानीय मेलाहरुमा अनौपचारिक रुपमा हुने गरेको अन्तरक्रियाका क्रममा राय प्राप्त भयो । अनौपरिचाक कारोवारसँगै राजस्व संकलनमा कमी आउने देखिन्छ । त्यस्तै, भारतमा यार्सागुम्वाको संकलन कार्य गैर-कानुनी एवं प्रतिवन्धित भएकोले यसको चोरी-निकासी भएर दार्चुलामा ल्याई विक्रिवितरण हुने भएकोले दार्चुलामा भा.रु.को अभाव समेत हुने गरेको राय व्यक्त भएको थियो । यार्सागुम्बा संकलन गर्ने अनुमति लिई वन प्रवेश गर्ने कतिपय संकलनकर्ताहरुले प्रतिवन्धित जडिबुटी संकलन तथा पशुपंक्षीको चोरी शिकारी हुने गरेको अन्तरक्रियाका क्रममा छलफल भएको थियो ।

९३. अन्त्यमा, स्थलगत सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार वहुमूल्य जडिवुटीको रुपमा यार्सागुम्बाको संकलन तथा विक्री वितरण कार्यमा संलग्न हिमाल तथा उच्च पहाडी भेगका वासिन्दाको जनजीवनस्तर माथि उकास्न योगदान पुगेको पाईयो । यार्सागुम्बा संकलन कार्यका लागि वार्षिक करिव डेढ लाखभन्दा बढी जनताहरु हिमालका पाटनतर्फ जाने गर्दछन् भने वर्षेनी संकलन गर्न जाने प्रवृति समेत् बढ्दै गएको पाईयो । त्यस्तै विगत केही वर्षदेखि यार्सागुम्बा संकलनमा देखिएको अत्यधिक चापसँगै हिमाली क्षेत्रको पर्यावरणमा देखिएको प्रतिकुल प्रभावका कारण यार्सागुम्बाको उत्पादन घट्दो क्रममा रहेको देखिन्छ । यार्सागुम्बा व्यापारीले अझै पनि बैंक तथा वित्तीय संस्थाहरुभन्दा आफैसँगको बचत रकम प्रयोग गर्ने गरेकोले वित्तीय सेवाको पहुँच अपेक्षित रुपमा बढ्न सकेको पाईदैन । यार्सागुम्बा कारोवारबाट व्यापारीहरुको खुद नाफा क्रमशः बढ्दै गएको भएतापनि संकलकको आम्दानीको प्रवृति भने घट्दै गएको देखिन्छ । हिमाली जिल्लाका वासिन्दाहरुको आय आर्जन तथा रोजगारी अभिवृद्धि हुनुका साथै विद्यालय, नयाँ घर निर्माण, होटल, पर्यटन तथा बैंक तथा वित्तीय संस्थाहरुको विस्तारमा यार्सागुम्बाको संकलन तथा विक्री वितरणले सकारात्मक प्रभाव पार्ने गरेको पाइन्छ । यद्यपी, यार्सागुम्बाको बढ्दो संकलन तथा कारोवारसँगै सामाजिक विकृति, पर्यावरणीय समस्या, शान्ति सुरक्षामा चुनौती, शिक्षा तथा स्वास्थ्य स्थितिमा समस्याका कारण यार्सागुम्बाको दिगो व्यवस्थापनमा चुनौतीहरु रहेको पाइयो ।

## ४. निष्कर्ष तथा सुझावहरु

### निष्कर्ष

९४. विगत केही वर्षदेखि हिमाली तथा उच्च पहाडी जिल्लाका बासिन्दाहरु वहुमल्य जडिवुटी यार्सागुम्बाको संकलन तथा विक्री/वितरणमा बढ्दो आकर्षणसँगै हिमाली अर्थतन्त्र चलायमान भएको छ । त्यस भेगका जनताको आय आर्जन, रोजगारी एवम् पूर्वाधार विकास लगायत विविध आर्थिक गतिविधिहरु गतिशील हुन पुगेका छन् । यार्सागुम्बाको उत्पादन तथा विक्री वितरणका कारण नेपालको गरिबी निवारण तथा समावेशी आर्थिक विकासमार्फत् समग्र देशको अर्थतन्त्रमा योगदान पुगेको छ । आर्थिक कारोवारको विस्तारसँगै त्यस क्षेत्रको मौद्रिकीकरण विस्तार भएको पाइन्छ । हिमाली जिल्लाका धेरैजसो आदिवासी र पिछडिएका जनताको आम्दानी तथा रोजगारीका अवसरहरु सृजना भएका छन् । बढ्दो आम्दानीसँगै हिमाली वासिन्दाको वचतमा वृद्वि हुन गई शिक्षा तथा स्वास्थ्य क्षेत्रमा बढेको लगानीस्वरुप मानव संशाधन विकासमा सकारात्मक प्रभाव परेको छ । विद्यालय, बाटोघाटो, पुलपुलेसा, नयाँ घर निर्माण जस्ता पूर्वाधारको निर्माणबाट अर्थतन्त्रको उत्पादकत्व वृद्धिमा सकारात्मक योगदान पुगेको छ । यार्सागुम्बाको कारोवारसँगै बैंक तथा वित्तीय संस्थाहरुको बढ्दो उपस्थितिले वित्तीय पहुँचमा अभिवृद्वि भएको छ ।

९५. हिमाली जिल्लाको अर्थतन्त्रमा यार्सागुम्बाको संकलन तथा विक्री वितरणले आय तथा रोजगारीका अवसरहरुको अभिवृद्विसँगै यसको बढ्दो अव्यवस्थिति संकलन तथा विक्री वितरणका कारण केही चुनौतीहरु पनि सृजना भएका छन् । अनौपचारिक कारोवारसँगै राजस्व चुहावट लगायत हिमाली भेगका जनताको स्वास्थ, शिक्षा, पर्यावरण र शान्तिसुरक्षा एवम् सामाजिक विकृतिहरुका कारण विगत केही वर्षदेखि यार्सागुम्बाको दिगो उत्पादन तथा व्यवस्थापनमा समस्याहरु देखिएका छन् । संकलनका क्रममा अस्थायी वासस्थानबाट उत्सर्जित वस्तुहरुको समुचित व्यवस्थापन हुन नसक्नु, यार्सागुम्बा संकलन गर्न उपयुक्त औजार प्रयोग नहुनु, दाउराको लागि जडिवुटीका रुख तथा वन फडानी बढनुले हिमाली भू-भागमा पर्यावरणीय प्रभाव परी यार्सागुम्बाको जीवनचक्रमा नकारात्मक प्रभाव स्वरुप दीर्घकालमा यसको लोप हुने सम्भावना समेत देखिएको छ । फलस्वरुप यार्सागुम्बाको संरक्षण एवम् प्रवर्द्धन गरी यसलाई स्थानीयवासीको आय आर्जनको दिगो स्रोतको रुपमा विकास गर्न उपयुक्त कदमहरु चाल्नु आवश्यक देखिन्छ ।

### सुझावहरु

९६. अध्ययनको क्रममा स्थलगत सर्वेक्षण एवम् अन्तरक्रियाहरुमा यार्सागुम्बाको दिगो उत्पादन सुनिश्चित गर्न, यसको संकलनलाई व्यवस्थित गर्न, विक्रीवितरणलाई औपचारिक व्यापारको दायराभित्र ल्याउन एवम् अर्थतन्त्रमा यार्सागुम्बाको योगदान अभिवृद्वि गर्न विविध सुझावहरु प्राप्त भएका छन् । सुझावहरु कार्यान्वयनमा ल्याउन वन कार्यालय, निकुञ्ज कार्यालय एवम् सम्बन्धित सबै निकायहरुले आ-आफ्नो भूमिका सशक्तरुपले निर्वाह गर्न आवश्यक देखिन्छ ।

९७. **संकलन समय निर्धारण तथा पाटनको वर्गीकरण गर्नुपर्नेः** विगत केही वर्षदेखि कतिपय संकलकहरु यार्सागुम्बाको जीवाणु पूर्ण विकसित हुन नपाउँदै बैशाखको शुरुमै टिप्न जाने गर्दा अर्को बर्ष यार्सागुम्बाको उत्पादन घट्ने गरेको देखिन्छ । तसर्थ, निश्चित समय तोकी त्यस समयमा मात्र यार्सागुम्बा संकलन गर्न पाइने प्रावधानलाई प्रभावकारी ढंगले लागू गर्न जरुरी छ । साथै, वैज्ञानिक विश्लेषणका साथ पाटनहरुलाई विभिन्न वर्गमा विभाजन गरी १ वर्ष, २ वर्ष वा ३ वर्ष गरी संकलनमा रोक लगाउन आवश्यक देखिन्छ ।

९८. **तोकिएको पाटनहरुमा संकलक सीमा तोक्नु पर्नेः** यार्सागुम्बाको संकलन गरिने पाटनहरुको वहन क्षमताको आधारमा कुन पाटनमा कति संकलकलाई प्रवेश दिने भन्ने किटान गरिनु पर्दछ । प्रवेश दिँदा स्थानीय र बाहिरी जिल्लाका कति मानिसहरुलाई संकलनको लागि अनुमति दिने पनि निश्चित गर्नु पर्दछ । यार्सागुम्बा संकलन अनुमति दिँदा संकलनको लागि जाने मानिसको उमेर तथा स्वास्थ्य अवस्थालाई समेत मापदण्ड बनाईनु उपयुक्त हुन्छ ।

९९. **संकलन क्षेत्रमा अन्य जडिवुटी संकलन गर्न रोक लगाउनेः** यार्सागुम्बा पाइने क्षेत्रमा अरु जडिबुटी पनि संकलन गर्ने क्रम बढ्दा यार्सागुम्बाको जीवनचक्रमा प्रतिकूल असर पर्न गई त्यसको उत्पादनमा कमी आउने गरेकोले त्यस्ता क्षेत्रलाई यार्सागुम्बा क्षेत्र तोकी अन्य जडिबुटी संकलनमा रोक लगाउन जरुरी छ ।

१००. **संकलन क्षेत्रको पर्यावरणमा सुधार ल्याउनु पर्नेः** यार्सागुम्बा संकलन हुने स्थानमा संकलनकर्ताले पाल टाँग्न एवम् इन्धनका लागि जथाभावी रुख काट्ने, उपभोग गरी सृजित फोहोरलाई जथाभावी फ्याँक्ने गर्दा पर्यावरणमा नकारात्मक प्रभावसँगै यार्सागुम्बाको जीवनचक्रमा प्रतिकूल असर पर्ने भएकोले यस्ता कार्यलाई निरुत्साहित गर्न पर्याप्त अनुगमनको व्यवस्था गर्न आवश्यक देखिन्छ ।

१०१. **कृषि अनुसन्धान वोर्डले यार्सागुम्बा वारे निरन्तर अध्ययन/अनुसन्धान गर्नुपर्नेः** नेपालमा पाइने यार्सागुम्बाका प्रजातिहरुको जीवनचक्रको विस्तृत अध्ययन गरी यसको उत्पादनमा कमी हुन नदिन तथा यसको संरक्षणको थप उपायहरु सुझाउनको लागि कृषि अनुसन्धान वोर्डमार्फत् यार्सागुम्बा वारे निरन्तर अध्ययन/अनुसन्धान गर्न आवश्यक छ ।

१०२. **संकलन कार्यमा बालबालिकाको प्रयोगलाई निरुत्साहित गर्न सचेतना फैलाउनु पर्नेः** यार्सागुम्बा संकलनका लागि अत्याधिक संख्यामा बालबालिकाहरु प्रयोग गरिएको अवस्था छ । यसले गर्दा एकातर्फ उनीहरुको स्वास्थ्य सुरक्षामा समस्या सृजना हुने देखिएको छ भने अर्कोतर्फ पठनपाठन छोडी वर्षको ३ महिना यार्सागुम्बा टिप्न जाँदा तत्कालका लागि परिवारको आयमा वृद्धि भएतापनि उनीहरुको भविष्य खतरामा पर्ने सम्भावना रहेको छ । यसकारण यार्सागुम्बा संकलन कार्यमा बालबालिकाको प्रयोगलाई निरुत्साहित गर्न सचेतना फैलाउन आवश्यक छ ।

१०३. **संकलन अनुमतिपत्र वितरण तथा शुल्क असुली प्रणालीलाई सरलीकरण गर्नुपर्नेः** हाल यार्सागुम्बा व्यापारीले एकमुष्ठ संकलन अनुमतिपत्र लिई धेरै संकलकलाई वितरण गर्ने गरेकोमा संकलकहरु स्वयम्लाई नै अनुमतिपत्र वितरण गर्ने व्यवस्था मिलाउनु आवश्यक छ । संकलकले धेरै ठाउँमा शुल्कहरु तिर्नुपर्ने, शुल्क संकलन कार्य पारदर्शी नहुने तथा समय-समयमा संकलकहरु ठगिने गरेकोले एकद्वार प्रणालीबाट शुल्क उठाउने व्यवस्था गर्नु पर्दछ ।

१०४. **संकलकलाई अभिमुखीकरण तालिम दिनुपर्नेः** यार्सागुम्बा संकलन गर्न जाने संकलकहरुले अनिवार्य रुपले यस सम्बन्धी अभिमुखीकरण कक्षा लिएको हुनुपर्ने व्यवस्था गर्न उचित हुन्छ । यस्तो कक्षामा पाटनमा पालना गर्नुपर्ने नियम कानून, यार्सागुम्बा संकलन विधि एवम् फोहोर व्यवस्थापन लगायत अन्य आवश्यक विषयबारे संकलकलाई जानकारी गराउन उपयुक्त हुन्छ ।

१०५. **यार्सागुम्बाको व्यापारिक कारोवारका लागि फर्म दर्ता गनुपर्नेः** यार्सागुम्बाको कारोवारलाई औपचारिक माध्यमतर्फ प्रोत्साहित गरी राजस्वमा समेत यसको योगदान अभिवृद्धि गर्न यसको कारोवार गर्ने व्यापारीलाई अनिवार्य रुपमा फर्म दर्ता गर्नुपर्ने प्रावधान बनाउनु आवश्यक छ ।

१०६. **तिब्बततर्फ हुने अनौपचारिक कारोवार रोक्न अस्थायी सुरक्षा चौकी स्थापना गर्नुपर्नेः** तिब्बततर्फ हुने यार्सागुम्बाको चोरीनिकासीलाई निरुत्साहित गर्न सम्भव भएसम्म उत्तरतर्फका रणनीतिक ठाउँहरु (जस्तै बझाङ्गको नयाँ) मा विशेष गरी यार्सागुम्बा संकलन हुने मौसममा अस्थायी सुरक्षा चौकी स्थापना गर्न उचित देखिन्छ । यसका लागि हिमाली जिल्लाका स्थानीय प्रशासनलाई आवश्यक स्रोतसाधन उपलब्ध गराई पाटनहरुमा सुरक्षाकर्मीहरुको घुम्ती टोलीहरु आवश्यक संख्यामा परिचालित गर्न सकिन्छ । यस्तो सुरक्षा व्यवस्थाबाट यार्सागुम्बाको आडमा वन्यजन्तु, पंक्षी एवम् अन्य जडिबुटीहरुको चोरी तस्करी रोक्न समेत ठूलो सहयोग पुग्ने देखिन्छ ।

१०७. **तिब्बततर्फका उपयुक्त नाकालाई व्यापारका लागि वैधानिकता दिनुपर्नेः** संकलित यार्सागुम्बाको ठूलो हिस्सा तिब्बततर्फ अनौपचारिक रुपले निकासी हुने गरेको छ । यसरी तिब्बततर्फ हुने निकासीलाई औपचारिक

बनाउन तिब्बततर्फका कतिपय नाकाहरु जस्तै डोल्पाको तिन्जे र सालडाङ्ग नाकालाई बैधानिकता प्रदान गर्नुपर्ने देखिन्छ ।

१०८. **संकलकलाई लघुवित्त संस्थामार्फत् ऋण उपलब्ध गराउनु पर्नेः** यार्सागुम्बा संकलनमा प्राय न्यून आय भएका गाउँलेहरु जाने गर्छन् । उनीहरुले मेठ (बिचौलिया)सँग सम्झौता गरी वा साहूसँग चर्को ब्याजमा ऋण लिई यार्सागुम्बा टिप्ने अवधिको लागि बन्दोवस्तीका सामान जुटाउने गरेका छन् । संकलकलाई सामूहिक जमानीमा लघुवित्त संस्थामार्फत् सस्तो ब्याजमा ऋण उपलब्ध गराउनेतर्फ पहल गर्न सकेमा उनीहरुको जीवनस्तर उकास्न थप टेवा पुग्ने देखिन्छ ।

१०९. **Stock Insurance का आधारमा यार्सागुम्बा कारोवारका लागि बैंकबाट ऋण उपलब्ध गराउनु पर्नेः** यार्सागुम्बाको कारोवारमा बैंक ऋणको उपयोग खासै धेरै हुन सकेको छैन । Stock Insurance जस्ता अवधारणा प्रयोगमा ल्याई बैंकमार्फत् यसको कारोबारमा ऋण उपलब्ध गराउन सकिएमा यसको कारोबार अझ फस्टाउन सहयोग पुग्ने देखिन्छ ।

११०. **निजी क्षेत्रको सहभागितामा यार्सागुम्बाको प्रशोधन उद्योग स्थापना तथा यार्सागुम्बाको प्रयोग बारे अनुसन्धान गर्नुपर्नेः** हाल यार्सागुम्बा प्रशोधनविना नै निर्यात गरिने गरिएको छ । प्रशोधन गरी बनाउन सकिने औषधिका विषयमा निजीक्षेत्रसँग समन्वय गरी सम्बन्धित निकायले अनुसन्धान गर्न आवश्यक छ । प्रशोधन गरी औषधिको रुपमा अझ उच्च मूल्यमा निकासी गर्न सकिएमा अर्थतन्त्रमा थप योगदान पुग्नेछ ।

१११. **बजार व्यवस्थापन सूचना प्रणाली विकास गर्नुपर्नेः** स्थानीय तथा अन्तर्राष्ट्रिय बजारमा यार्सागुम्बाको मूल्य अप्रत्याशित रुपले उतारचढाव हुँदा संकलनकर्ता तथा स्थानीय व्यवसायी बेलाबेलामा ठूलो आर्थिक भारमा पर्ने गरेका छन् । यार्सागुम्बाको माग, अन्तर्राष्ट्रिय बजार एवम् मूल्य सम्बन्धमा यथार्थ सूचना प्रवाह गर्नका लागि बजार व्यवस्थापन सूचना प्रणाली विकास गर्न सकिएमा यसको संकलन र बिक्रीवितरणमा संलग्न हुनेहरुले समयमै उपयुक्त निर्णय लिनसक्ने र यसको संकलन एवम् व्यापारले दिगोपना पाउने देखिन्छ ।

११२. **संकलनका लागि अत्यावश्यक पूर्वाधारकाको व्यवस्था गर्नुपर्नेः** यार्सागुम्बा संकलनका लागि पाटनहरुसम्म पुग्न बाटोघाटो कठिन रहेको कारण स्थानीय क्लवहरुको सहयोगमा बाटो वनाउने कार्यमा केही पहल भएतापनि त्यो पर्याप्त छैन । सम्बन्धित निकायले गोरेटो बाटो मात्र भएपनि बनाउन पहल गरेमा यार्सागुम्बा टिप्न जाँदा हुने जोखिम घट्ने, ढुवानी सजिलो हुने र सुरक्षा एवम् स्वास्थ्य सेवा पुऱ्याउन सहज हुने देखिन्छ ।

११३. **राष्ट्रिय नीतिगत मार्गदर्शनको व्यवस्था गर्नुपर्नेः** यार्सागुम्बा संकलन, बिक्रीवितरण एवम् प्रयोगका सम्बन्धमा राष्ट्रिय नीतिगत मार्गदर्शन (National Policy Guideline) तयार गरी लागू गर्न उचित देखिन्छ ।

## सन्दर्भ सूची


अनलाइन (२०१४), 'यार्सागुम्बा टिप्नेबाट २५ करोड असुली', अनलाइन खबर पत्रिका, २०७१ साउन १० गते access गरिएको http://www.onlinekhabar.com/2014/05/202985#sthast.7chg94rF.dpuf

अन्साब (२०१०), *NTFP Management Booklet on Yarchagumba*, Asia Network for Sustainable Agriculture and Bioresources, (ANSAB) accessed on July 17, 2014 at http://www.ansab.org/UserFiles/ntfplets/yarsa.pdf

अब्दुल्लाह, मियाँ (२०७१) "यार्चाले ल्याएको समृद्धि" कान्तिपुर दैनिक, २०७१ असार २८

Agile News, 2012. 800 Super Gold the Kunming Grade Cordyceps Price of Premium

वन तथा भू-संरक्षण मन्त्रालय (२०७१), यार्सागुम्बा संकलन, विक्री वितरणलाई व्यवस्थित गर्न बनाइएको कार्यदलको प्रतिवेदन २०७१, सिंहदरबार, काठमाण्डौं ।

क्षत्री, राजु (२०७१) "टिप्पणी: जीवन बुटीको सहारा" कान्तिपुर दैनिक, २०७१ असार २७

क्षत्री, राजु (२०६८), यार्सागुम्बा दिगोसंकलन प्रविधि सहयोगी पुस्तीका २०६८, वन विभाग, काठमाडौं

Cordyceps is 650 yuan per gram. <http://www.agile-news.com/news-1184723-800-super-gold-the-Kunming> (published 30.03.12, accessed 31.03.12).

देवकोटा एस. (२०१० ए), "Yarsagumba Traditional Utilization in Dolpa District, Western Nepal", Our Nature, (2006) 4, Socio-Economic, Agro-Forestry and Environment (SAFE) Concern, Kathmandu, Nepal

देवकोटा एस. (२००८) Approach Towards the Harvesting of *Cordyceps sinensis* (Berk.) Sacc. in Pastures of Dolpa, Nepal [J]. Medicianl Plants in Nepal: An Anthology of Comtemporary Research, 2008,4.

देवकोटा एस. (२०१० बी), *Ophicordyceps sinensis* (Yarsagumba) from Nepal Himalaya: status, threats and management strategies. In: Zhang, Ping Hao-wei (Ed.), Cordyceps Resources and Environment, Grassland Supervision Center by the Ministry of Agriculture, People's Republic of China. pp. 91–108.

Leng, L.W., 2012. Will Lemon Law Affect Herb Sellers? <http://www.channelnewsasia.com/stories/singaporelocalnews/view/1193893/1/.html> (published 08.04.12, accessed 10.04.12).

मेरो लगानी (२०७२), 'दार्चुलामा सत्तरी प्रतिशत यार्सागुम्बा संकलक फर्किए', असार २५, २०७२ मा प्रकाशित, accessed on २०७२ भदौ २२ at http://merolagani.com/NewsDetail.aspx?newsID=18046

विक्ली नेपाल (२०७२), 'यार्सागुम्बाको मूल्य नपाएपछि चीनमा यार्सागुम्बा नबेचेरै फर्के व्यापारी', २०७२ भदौ ८ मा प्रकाशित, accessed on २०७२ भदौ २२ at http://weeklynepal.com/यार्सागुम्बाको-मूल्य-नपा/

नागरिक न्यूज (२०७०), 'यार्सागुम्बाको आम्दानीबाट विद्युत आयोजना', ११ जेठ २०७० मा प्रकाशित, accessed at http://nagariknews.com/economy/main-story/story/1860.html?ModPagespeed=noscript

श्रेष्ठ यु.वि., बावा के.एस. (२०१३), "Trade, harvest, and conservation of caterpillar fungus (*Ophiocordyceps sinensis*) in the Himalayas", Biological Conservation 159 (2013) Available at www.elsevier.com/locate/biocon

श्रेष्ठ (२००९), "Yarshagumba's (Himalayan Viagra) Facts", accessed at http://love4nepal.blog.com/2009/09/15/yarshagumbas-himalayan-viagra-facts/

स्टोन आर. (२००८) Last stand for the body snatcher of the Himalayas? Science 322, 1182.


श्रेष्ठ एण्ड भुषण (२०११), "Diversity of Cordyceps Fungi in Nepal", Nepal Journal of Science and Technology 12 (2011) 103-11-

दि. हिमालयन टाइम्स (२०१४), "Crime up in yarsagumba season ", 2014-06-05, Accessed on 2014-07-27 at http://www. thehimalayantimes.com /fullNews.php? headline=Crime +up+in+ yarsagumba + season+&NewsID=417237

व्इन्केलर डेनियल (२००९), "Caterpillar Fungus (*Ophiocordyceps sinensis*) Production and Sustainability on the Tibetan Plateau and in the Himalayas", Asian Medicine 5 (2009) 291-316.


यादव, काशी राम (२०११), "Status, Market, Opportunities and Challenges: Yarshagumba in Darchula", The Initiation, Vol. 4(2011).

अनुसूची १


यार्सागुम्बाका सरोकारवाला
यार्सागुम्बाको नियमन तथा व्यवस्थापन
वजार प्रणाली
बन तथा भूसंरक्षण मन्त्रालय
जिल्ला विकास समिति
जिल्ला प्रशासन कार्यालय
स्थानीय क्लब
बन विभाग
सामुदायिक बन
निकुञ्ज / संरक्षण क्षेत्र
जिल्ला बन कार्यालय
इलाका बन कार्यालय
संकलक
व्यापारी
सहयाक भूमिका
बैंक तथा वित्तीय संस्थाहरु
जिल्लाका बासिन्दा
बाहिरी जिल्लाका बासिन्दा
स्थानीय व्यापारी
काठमाण्डौका व्यापारी
चीनका व्यापारी
किराना पसल
होटल

अनुसूचीः २


## यार्सागुम्बाको जीवन चक्र




स्रोतः क्षत्री (२०६८)

अनुसूची: ३

## Market Chain of Yarsagumba in Dolpa




स्रोत: क्षत्री (२०६८)

अनुसूची: ४

**स्थलगत सर्वेक्षणका प्रश्नावलीहरु**

# नेपाल राष्ट्र बैंक

अनुसन्धान विभाग

# यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन

**(यार्सागुम्बा संकलनकर्ता)**

**(क) संकलन कार्य**

१. संकलकको व्यक्तिगत र पारिवारिक विवरण

अ) नाम :

आ)ठेगाना :

आ)उमेर :

इ) वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐

ई) परिवार संख्या :

२. तपाईंको मुख्य पेशा के हो ?

क) कृषि ☐

ख) व्यापार ☐

ग) पशुपालन ☐

घ) शिक्षण ☐

ङ) सरकारीसेवा ☐

च) अन्य (उल्लेख गर्ने)..................

३. तपाईंले कति वर्षदेखि यार्सागुम्बा संकलन गर्दै आउनुभएको छ ?

क) १ वर्ष ☐

ख) २ वर्ष ☐

ग) ३ वर्ष ☐

घ) ४ वर्ष ☐

ङ) ५ वर्ष वा सोभन्दा बढी ☐

४. विगत ३ वर्षमा तपाईंको परिवारका कतिजना सदस्यहरु यार्सागुम्बा संकलन गर्ने कार्यमा लाग्नु भएको छ ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| सदस्य संख्या | | | |

५. विगत ३ वर्षमा तपाईं र तपाईंको परिवार अन्दाजी कति दिनसम्म यार्सागुम्बा संकलन गर्ने कार्यमा लाग्नु भयो ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| दिन | | | |
| स्थान (पाटन, लेक)को नाम | | | |

६. वि.सं. २०७१ सालमा यार्सागुम्बा संकलन कार्यको लागि तपाईंको परिवारले कुल कति खर्च गर्नुपर्‍यो ?

| **प्रयोजन** | **खर्च (रु.)** |
|---|---|
| अनुमतिको लागि वन कार्यालयको दस्तुर | |
| आय अनुमति दस्तुर | |
| राजस्व (प्रति के.जी.) | |
| खाना तथा वास | |
| अन्य | |
| **कुल** | |

७. यार्सागुम्बा संकलनको लागि लागेको खर्च कुन स्रोतबाट जुटाउनु भयो ?

क)आफैंसँग रहेको नगद मौज्दातबाट ☐

ख)सरसापटबाट ☐

ग) साहुसँग ऋणबाट ☐

घ) अन्य (खुलाउने) ................................

८. विगत ३ वर्षमा तपाईं र तपाईंको परिवारले कति परिमाणमा यार्सागुम्बा संकलन गर्नुभयो ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| परिमाण (के.जी.) वा संख्या (गोटा) | | | |

९. यार्सागुम्बा संकलन कार्यमा तपाईं र तपाईंको परिवारले के-कस्ता समस्याहरु झेल्नुपरेको छ ? (कुनै तीनवटा मात्र)

क) सुरक्षा सम्बन्धी ☐

ख) स्वास्थ्य सम्बन्धी ☐

ग) ढुवानी तथा भण्डारण सम्बन्धी ☐

घ) बजार सम्बन्धी ☐

ङ) अन्य (खुलाउने)......................

## (ख) बजार तथा विक्री

१०. संकलन गरेको यार्सागुम्बा कहाँ लगेर विक्री गर्नुहुन्छ ?

क) आफ्नै गाउँमा ☐

ख) जिल्ला सदरमुकाममा ☐

ग) काठमाडौं ☐

घ) अन्य (खुलाउने)....................

११. संकलन गरेको यार्सागुम्बा कसलाई बेच्नुहुन्छ ?

क) स्थानीय व्यापारी ☐

ख) थोक व्यापारी वा एजेन्ट ☐

ग) निर्यातकर्ता ☐

घ) अन्य (खुलाउने)...................

१२. संकलन कार्य सकिएपछि यार्सागुम्बा औसतमा कति दिनभित्रमा बेचिसक्नुहुन्छ ?

.......दिन

१३. यस वर्ष तपाईंले यार्सागुम्बा औसतमा प्रति गोटा वा प्रति के.जी. कसरी बेच्नु भयो ?

रु...........

१४. यार्सागुम्बा विक्री गरेर आर्जन गरेको रकम के गर्नुहुन्छ ?

क) बैंकमा राख्छु ☐

ख) घरमै राख्छु ☐

ग) गाउँमा लगानी गर्छु ☐

घ) ऋण तिर्छु ☐

ङ) अन्य (उल्लेख गर्नुहोस्)........

## (ग) आम्दानी तथा खर्च

१५. तपाईंको परिवारले यार्सागुम्बाबाट विगत ३ वर्षमा कति आम्दानी गर्नुभयो ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| यार्सागुम्बा विक्रीबाट भएको आम्दानी (रु.) | | | |

१६. यार्सागुम्बा संकलन बाहेक अन्य आयमुलक कार्यमा वर्षको कति दिन व्यस्त रहनुहुन्छ ?

......... दिन

१७. यार्सागुम्बासहित अन्य सबै आयस्रोतबाट तपाईको परिवारले वर्षेनी कति आम्दानी गर्नु हुन्छ ?

रु..............

१८. यार्सागुम्बाबाट भएको आम्दानी विशेषगरी के प्रयोजनको लागि खर्च गर्नुहुन्छ ?

क) खाद्यान्न ☐ प्रतिशत

ख) शिक्षा ☐ प्रतिशत

ग) स्वास्थ्य उपचार ☐ प्रतिशत

घ) व्यवसाय संचालन गर्न ☐ प्रतिशत

ङ) अन्य (खुलाउने) ................ ☐ प्रतिशत

## (घ) आर्थिक गतिविधि

१९. तपाईंको गाउँका मानिसहरु यार्सागुम्बा संकलन कार्यमा लाग्न थालेपछि गाउँमा के-कस्तो विकास र सुधार भएका छन् ?

अ) मानिसहरुको आम्दानी

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

आ) रोजगारी अवस्था

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

इ) बाटोघाटोको विकास विस्तार

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ई) विद्यालयको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

उ) विद्यालय जाने विद्यार्थीको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऊ) होटल व्यवसाय

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ए) पर्यटकको आगमन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऐ) कृषि उत्पादन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ओ) बैंक/वित्तीय संस्थाको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

औ) बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

अं) नयाँ घर निर्माण

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

**अन्य**

२०. यस क्षेत्रमा यार्सागुम्बा सम्बन्धी देहायका विषयमा केही बताइदिनु हुन्छ कि ?

| | **बढ्दो** | **घट्दो** |
|---|---|---|
| क) यार्सागुम्बाको माग कस्तो छ ? | ☐ | ☐ |
| ख) यार्सागुम्बाको उत्पादन कस्तो छ ? | ☐ | ☐ |
| ग) यार्सागुम्बा संकलन गर्न बाहिर जिल्लाबाट मानिस आउने क्रम | ☐ | ☐ |
| घ) उपलब्ध यार्सागुम्बाको गुणस्तर | ☐ | ☐ |

२१. तपाईंको विचारमा यस गाविसका कति प्रतिशत वस्यस्क वासिन्दाहरु यस वर्ष यार्सागुम्बा संकलन कार्यमा सहभागी भएका थिए ?

.......प्रतिशत

२२. यार्सागुम्बाको उत्पादन र गुणस्तरमा सुधार गर्न के गर्नु पर्ला ?

क) संकलन कार्यलाई व्यवस्थित गर्नुपर्छ ☐

ख) राजस्व बढाउनुपर्छ ☐
ग) केही वर्ष संकलन कार्यमा प्रतिबन्ध लगाउनुपर्छ ☐
घ) अन्य (उल्लेख गर्ने).........................

# धन्यवाद

सर्भेक्षण कर्ताको नामः ...........................
पदः ...........................
मितिः .....................................

# नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग

## यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन
**(यार्सागुम्बा व्यापारी)**

१. व्यवसायीको व्यक्तिगत र पारिवारिक विवरण

अ) नाम :

आ)ठेगाना :

आ)उमेर :

इ) वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐

ई) परिवार संख्या :

२. तपाईंको मुख्य पेशा के हो ?

क) कृषि ☐

ख)व्यापार ☐

ग)पशुपालन ☐

घ)शिक्षण ☐

ङ)सरकारी सेवा ☐

च) अन्य (उल्लेख गर्ने)..................

३. तपाईंले कति वर्षदेखि यार्सागुम्बाको व्यापार गर्दै आउनुभएको छ ?

क) १ वर्ष ☐

ख) २ वर्ष ☐

ग) ३ वर्ष ☐

घ) ४ वर्ष ☐

ङ) ५ वर्ष वा सोभन्दा बढी ☐

४. यार्सागुम्बा खरीदविक्री कहाँ गर्नुहुन्छ ?

क) गाउँमै ☐

ख) संकलन केन्द्रमै ☐

ग) जिल्ला सदरमुकाम ☐

घ) अन्य (उल्लेख गर्ने).............

५. तपाईंको विचारमा यस क्षेत्रमा कति परिमाणको यार्सागुम्बाको व्यापार हुन्छ होला ?

क) खरीद (के.जी.)...............

ख) विक्री (के.जी.)...............

६. तपाईंले २०७१ सालमा यार्सागुम्बा खरीद गर्दा निम्न शीर्षकमा कति खर्च गर्नुपऱ्यो ?

| **प्रयोजन** | **खर्च (रु.)** |
|---|---|
| राजस्व (प्रति के.जी) | |
| ढुवानी (प्रति के.जी) | |
| अन्य | |
| **कुल** | |

७. विगत ३ वर्षमा तपाईंले कति परिमाण र रकम बराबरको यार्सागुम्बाको व्यापार गर्नुभयो ?

| साल | खरीद विवरण | | विक्री विवरण | |
|---|---|---|---|---|
| | परिमाण (के.जी. वा गोटा) | मूल्य | परिमाण (के.जी. वा गोटा) | मूल्य |
| २०६९ | | | | |
| २०७० | | | | |
| २०७१ | | | | |
| **कुल** | | | | |

८. संकलनकर्तासँग खरीद गरेको यार्सागुम्बा औसत कति दिनभित्र बेचिसक्नुहुन्छ ?
.......दिन

९. खरीद गरेको यार्सागुम्बा कसलाई बेच्नुहुन्छ ?
क) गाउँकै थोक व्यापारी ☐
ख) सदरमुकामको थोक व्यापारी ☐
ग) काठमाडौंको थोक व्यापारी ☐
घ) आफैं निर्यात गर्ने ☐
ङ) अन्य(खुलाउने)....................

१०. तपाईंले खरीद गरेको यार्सागुम्बा विक्रीको लागि कसरी ढुवानी गर्नुहुन्छ ?
क) भरिया/खच्चर ☐
ख) बसर/परिवहन साधन ☐
ग) हवाईजहाज ☐
घ) हेलिकप्टर ☐
ङ) आफैं वा परिवारबाट ☐

११. यार्सागुम्बाको मूल्य निर्धारण कसले गर्ने गरेको छ ?
क) संकलनकर्ता आफैंले ☐
ख) थोक व्यापारीले ☐
ग) सरकारले ☐
घ) खरीदकर्ता र विक्रेताको आपसी सहमतिबाट ☐
ङ) अन्य (खुलाउने)....................

१२. तपाईंले विक्री गरेको यार्सागुम्बामध्ये कति जति निर्यातकर्तालाई विक्री गर्नुहुन्छ ?

……प्रतिशत

१३. यार्सागुम्बा व्यापार गर्नको लागि आवश्यक पूँजी कहाँबाट जुटाउनुहुन्छ ?

क) बैंकबाट ☐

ख) आफ्नै बचत ☐

ग) छर/छिमेक वा ईष्टमित्रबाट सरसापट ☐

घ) अन्य (उल्लेख गर्ने)…………………

१४.यार्सागुम्बाको खरीदविक्री कुन माध्यमबाट गर्नुहुन्छ ?

क) बैंकको चेकबाट …………. प्रतिशत

ख) नगद …………. प्रतिशत

ग) खाद्यान्न र अन्य उपभोग्य समानसँग …………. प्रतिशत

१५. यस क्षेत्रमा यार्सागुम्बा सम्बन्धी देहायका पक्षका कस्तो अवस्था रहेको छ ?

| | **बढ्दो** | **घट्दो** |
|---|---|---|
| क) यार्सागुम्बाको माग | ☐ | ☐ |
| ख) यार्सागुम्बाको उत्पादन | ☐ | ☐ |
| ग) यार्सागुम्बा संकलन गर्न बाहिर जिल्लाबाट मानिस आउने क्रम | ☐ | ☐ |
| घ) उपलब्ध यार्सागुम्बाको गुणस्तर | ☐ | ☐ |

१६. यार्सागुम्बाको व्यापार गर्दा तपाईंले कस्तो-कस्तो समस्या झेल्नुपरेको छ ? प्राथमिकता क्रममा भन्नुहोस् ।

क) सुरक्षा सम्बन्धी ☐

ख) ढुवानी तथा भण्डारण सम्बन्धी ☐

ग) पूँजी सम्बन्धी ☐

घ) बजार सम्बन्धि ☐

ङ) अन्य (खुलाउने)…………………

१७. यस क्षेत्रका वासिन्दाहरु यार्सागुम्बा संकलन कार्यमा लागेपछि यस क्षेत्रमा के-कस्तो विकास र सुधारका कार्यहरु भएका छन् ?

अ) मानिसहरुको आम्दानी

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

आ) रोजगारी अवस्था

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

इ) बाटोघाटोको विकास विस्तार

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ई) विद्यालयको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

उ) विद्यालय जाने विद्यार्थीको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऊ) होटल व्यवसाय

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ए) पर्यटकको आगमन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऐ) कृषि उत्पादन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ओ) बैंक/वित्तीय संस्थाको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

औ) बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

अं) नयाँ घर निर्माण

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

१८. यार्सागुम्बाको उत्पादन र गुणस्तरमा सुधार गर्न के गर्नु पर्ला ?

क) संकलन कार्यलाई व्यवस्थित गर्नुपर्छ ☐

ख) राजस्व बढाउनुपर्छ ☐

ग) केही वर्ष संकलन कार्यमा प्रतिबन्ध लगाउनुपर्छ ☐

घ) अन्य (उल्लेख गर्ने).........................

# धन्यवाद

सर्भेक्षण कर्ताको नामः ...........................

पदः ...........................

मितिः ....................................

# नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग

## यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन
**(वन कार्यालय)**

१. यस जिल्लाको कति क्षेत्रफलमा यार्सागुम्बाको उत्पादन हुने गरेको छ ?
.................

२. यस कार्यालयले विगत ३ वर्षमा कतिजनालाई यार्सागुम्बा संकलन गर्नको लागि अनुमति प्रदान गऱ्यो र सोबाट कति आम्दानी भयो ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| अनुमति प्रदान गरिएको संकलक संख्या | | | |
| अनुमति प्रदान गर्दा लिने शुल्कबाट आम्दानी | | | |

३. यस जिल्लामा विगत ३ वर्षमा यार्सागुम्बा संकलन एवम् त्यसबाट प्राप्त राजस्व आम्दानीको तथ्याङ्के कस्तो रहेको छ ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| यार्सागुम्बा उत्पादन परिमाण (के.जी.) | | | |
| राजस्व संकलन | | | |

४. तपाईंको विचारमा यार्सागुम्बा संकलन गर्न जानेमध्ये कति प्रतिशतले वन कार्यालयबाट अनुमति लिने गरेका छन् ?
.....प्रतिशत

५. यार्सागुम्बाको अनौपचारिक संकलन नियन्त्रण गर्न यस कार्यालय बाट के-कस्तो प्रयासहरु भएका छन् ?
क)...................................
ख)...................................
ग)...................................

६. तपाईंको विचारमा संकलन भएको कुल यार्सागुम्बामध्ये कति प्रतिशतको व्यापारीले राजस्व तिर्ने गर्छन् ?
..... प्रतिशत

७. यस क्षेत्रमा यार्सागुम्बा सम्बन्धी देहायका विषयमा केही बताइदिनु हुन्छ कि ?

| | बढ्दो | घट्दो |
|---|---|---|
| क) यार्सागुम्बाको माग | ☐ | ☐ |
| ख) यार्सागुम्बाको उत्पादन | ☐ | ☐ |
| ग) यार्सागुम्बा संकलन गर्न बाहिर जिल्लाबाट मानिस आउने क्रम | ☐ | ☐ |
| घ) उपलब्ध यार्सागुम्बाको गुणस्तर | ☐ | ☐ |

८. यस क्षेत्रमा यार्सागुम्बाको संकलन एवम् विक्री वितरण बढ्न थालेपछि यस क्षेत्रका गाउँहरुमा के-कस्तो विकास र सुधार भएका छन् ?

अ) मानिसहरुको आम्दानी

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

आ) रोजगारी अवस्था

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

इ) बाटोघाटोको विकास विस्तार

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ई) विद्यालयको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

उ) विद्यालय जाने विद्यार्थीको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऊ) होटल व्यवसाय

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ए) पर्यटकको आगमन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऐ) कृषि उत्पादन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ओ) बैंक/वित्तीय संस्थाको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

औ) बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

अं) नयाँ घर निर्माण

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

९. यार्सागुम्बाको जथाभावी संकलनले यस क्षेत्रमा सृजना गर्नसक्ने संभावित पर्यावरणीय समस्याहरु के-के हुनसक्छन्?

क) यार्सागुम्बाको जीवन चक्रमै प्रतिकूल असर पर्ने ☐

ख) यार्सागुम्बाको उत्पादन घट्न सक्ने ☐

ग) यार्सागुम्बाको गुणस्तरमा ह्रास आउन सक्ने ☐

घ) अन्य (उल्लेख गर्ने)............................

१०. यार्सागुम्बाको उत्पादन र गुणस्तरमा सुधार गर्न के गर्नु पर्ला ?

क) संकलन कार्यलाई व्यवस्थित गर्नुपर्छ ☐

ख) राजस्व बढाउनुपर्छ ☐

ग) केही वर्ष संकलन कार्यमा प्रतिबन्ध लगाउनुपर्छ ☐

घ) अन्य (उल्लेख गर्ने).........................

# धन्यवाद

सर्भेक्षण कर्ताको नामः ........................... उत्तरदाताको नाम, थरः.......................

पदः ........................... पदः.................................

मितिः .....................................

# नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग

# यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव सम्बन्धी अध्ययन
## (उद्योग वाणिज्य संघ)

१. यस कार्यालयले विगत ३ वर्षमा प्रदान गरेको यार्सागुम्बाको उत्पत्तिको प्रमाणपत्रबारे देहायको जानकारी कृपया उपलब्ध गराइदिनुहोस् ?

| | २०६९ | २०७० | २०७१ |
|---|---|---|---|
| प्रदान गरिएको उत्पत्तिको प्रमाणपत्रको संख्या | | | |
| यार्सागुम्बाको परिमाण (के.जी.) | | | |

२. तपाईंको विचारमा यस जिल्लामा वार्षिक कति परिमाणको यार्सागुम्बा उत्पादन एवम् संकलन हुन्छ होला ?
क) उत्पादन ..............के.जी.
ख) संकलन ..............के.जी.

३. तपाईंको विचारमा संकलन भएको कुल यार्सागुम्बामध्ये कति प्रतिशतको व्यापारीले राजस्व तिर्ने गर्छन् होला ?
..... प्रतिशत

४. यस क्षेत्रमा यार्सागुम्बा सम्बन्धी देहायका विषयमा केही बताइदिनु हुन्छ कि ?

| | **बढ्दो** | **घट्दो** |
|---|---|---|
| क) यार्सागुम्बाको माग | ☐ | ☐ |
| ख) यार्सागुम्बाको उत्पादन | ☐ | ☐ |
| ग) यार्सागुम्बा संकलन गर्न बाहिर जिल्लाबाट मानिस आउने क्रम | ☐ | ☐ |
| घ) उपलब्ध यार्सागुम्बाको गुणस्तर | ☐ | ☐ |

५. यस क्षेत्रमा उत्पादित/संकलित यार्सागुम्बामध्ये कति प्रतिशत जति बाह्य मुलुकमा निकासी हुन्छ होला ?
.........प्रतिशत

६. सामान्यतया यस क्षेत्रमा संकलित यार्सागुम्बा मुख्य बजारकेन्द्रहरुमा लैजाँदा कस्तो साधनको प्रयोग गरिन्छ ?
क) हवाइजहाज ☐
ख) हेलिकप्टर ☐
ग) खच्चर/भरिया ☐
घ) भाडाका सवारी ☐

७. यस क्षेत्रमा यार्सागुम्बाको संकलन एवम् विक्री वितरण बढ्न थालेपछि यस क्षेत्रका गाउँहरुमा के-कस्तो विकास र सुधार भएका छन् ?
अ) मानिसहरुको आम्दानी
क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

आ) रोजगारी अवस्था

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

इ) बाटोघाटोको विकास विस्तार

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ई) विद्यालयको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

उ) विद्यालय जाने विद्यार्थीको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऊ) होटल व्यवसाय

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ए) पर्यटकको आगमन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ऐ) कृषि उत्पादन

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

ओ) बैंक/वित्तीय संस्थाको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

औ) बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको संख्या

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

अं) नयाँ घर निर्माण

क) बढेको ☐ ख) उस्तै रहेको ☐ ग) घटेको ☐

८. यार्सागुम्बाको व्यापारमा प्रमुख समस्याहरु के रहेको छ ? प्राथमिकता क्रममा भन्नुहोस् ।

क) सुरक्षा सम्बन्धी ☐

ख) ढुवानी तथा भण्डारण सम्बन्धी ☐

ग) पूँजी सम्बन्धी ☐

घ) बजार सम्बन्धी ☐

ङ) अन्य (खुलाउने)......................

९. यार्सागुम्बाको जथाभावी संकलनले यस क्षेत्रमा सृजना गर्नसक्ने संभावित पर्यावरणीय समस्याहरु के-के हुनसक्छन् ?

क) यार्सागुम्बाको जीवन चक्रमै प्रतिकूल असर पर्ने ☐

ख) यार्सागुम्बाको उत्पादन घट्न सक्ने ☐

ग) यार्सागुम्बाको गुणस्तरमा ह्रास आउन सक्ने ☐

घ) अन्य (उल्लेख गर्ने)............................

१०. यार्सागुम्बाको उत्पादन र गुणस्तरमा सुधार गर्न के गर्नु पर्ला ?

क) संकलन कार्यलाई व्यवस्थित गर्नुपर्छ ☐

ख) राजस्व बढाउनुपर्छ ☐

ग) केही वर्ष संकलन कार्यमा प्रतिबन्ध लगाउनुपर्छ ☐
घ) अन्य (उल्लेख गर्ने)......................... ☐

# धन्यवाद

सर्भेक्षण कर्ताको नामः ...........................
पदः ...........................
मितिः .....................................

उत्तरदाताको नाम, थरः.............................
पेशाः.....................................